


लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

काठमाडौं । वर्ष १५, अंक २१७, काठमाडौं, आइतबार ३ माघ २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Sunday 17 January 2016 । पृष्ठ : ८ मूल्य रु. ५/-

लोकप्रिय राष्ट्रिय दैनिक राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300, Ext: 112, 108

# ११:५६ मै सुरु भयो पुनर्निर्माण महाअभियान



पुनर्निर्माणमा अनियमितता सह्य छैन, सबै दलले स्वयंसेवक उतार्न प्रतिस्पर्धा गरौं
● प्रधानमन्त्री

प्रतिपक्षी भए पनि पुनर्निर्माणमा सघाउँछौं
● सुशील कोइराला

पुनर्निर्माणमा नैतिकता र इमानदारी देखाऔं
● पुष्पकमल दाहाल

पुनर्निर्माणसँगै नवनिर्माण अभियान सुरु भयो
● सुशील ज्ञवाली



**भूकम्प र पुनर्निर्माण**

| | |
|---|---|
| क्षति/नोक्सान | ७ खर्ब ४ करोड |
| आवश्यक रकम | ६ खर्ब ७० अर्ब |
| हालसम्मको खर्च | शून्य |
| आवास क्षति | ९ लाख (पूर्ण/आंशिक) |

**सात उपक्षेत्रीय र दुई स्रोत केन्द्र**
**वैशाखदेखि व्यक्तिगत आवास निर्माण**

| | |
|---|---|
| अनुदान रकम | २ लाख (प्रति परिवार) |
| सामूहिक जमानीमा ऋण | ३ लाख |
| धितोमा ऋण | १५/२५ लाख |

**भीम गौतम/राजधानी**
काठमाडौं, २ माघ

विनाशकारी भूकम्प गएको साढे ९ महिनापछि सरकारले शनिबार राष्ट्रिय पुनर्निर्माण महाअभियानको औपचारिक सुरुआत गरेको छ । 'वैशाख १२ मा गइहाल्यो भुइँचालो, सुरक्षित पुनर्निर्माणमा जुट्ने हाम्रो पालो' भन्ने नाराका साथ १८औं राष्ट्रिय भूकम्प दिवसको अवसर पारेर शनिबारदेखि काठमाडौं उपत्यकाबाट पुनर्निर्माण महाअभियान सुरुआत भएको हो। भूकम्प गएकै समय ११ बजेर ५६ मिनेटको समयमा रानीपोखरी पुगेर सांकेतिक रूपमा राष्ट्रपति विद्यादेवी भण्डारीले पुनर्निर्माण महाअभियानको सुरुआत गरिन् । उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, प्रमुख दलका शीर्ष नेता, उच्च पदस्थ कर्मचारी, कूटनीतिक नियोगका प्रतिनिधिको उपस्थितिमा राष्ट्रपति भण्डारीले रानीपोखरीको किनारमा वैदिक विधिअनुसार इँटा राखेर पुनर्निर्माण महाअभियानको शुभारम्भ गरेकी हुन् । प्रधानमन्त्री केपी शर्मा ओलीले पनि शनिबार नै ललितपुरको बुङमती पुगेर अभियानको सुरुआत गरे ।

आगामी चैत्रदेखि नमुना तथा वैशाखदेखि व्यक्तिगत आवास निर्माण गर्ने लक्ष राखेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्प दिवसकै दिन भूकम्प गएकै समय पारेर महाअभियान सुरुआत गरेको हो। भूकम्पपछिको पुनर्निर्माणका लागि सरकारले १४ जिल्लालाई विशेष प्रभावित र १७ जिल्लालाई प्रभावित जिल्ला घोषणा गरी प्राधिकरणले पुनर्निर्माण अघि बढाउन लागेको छ ।

(बाँकी पृष्ठ २ मा)

# सहमतिनजिक पुग्यो कार्यदल

## प्रमुख तिन दलको पाँचबुँदे प्रस्तावमा मोर्चा सकारात्मक

**राजधानी समाचारदाता**
काठमाडौं, २ माघ

प्रमुख तिन दल र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा राजनीतिक संयन्त्र बनाएर सीमांकनको निर्णय गर्ने विषयमा सहमति नजिक पुगेका छन् । शनिबार बसेको तिन दल र मधेसी मोर्चाको संयुक्त कार्यदल बैठक सो विषयमा सहमति नजिक पुगेको हो ।

बैठकमा मधेसी मोर्चाले संयन्त्रको कार्यक्षेत्र र अधिकारबारे ठोस धारणा आउनुपर्ने बताएपछि सहमति भने भइसकेको छैन । सिंहदरबारमा शनिबार साँझ बसेको कार्यदल बैठकमा तिन दलका तर्फबाट प्याकेजमा नै सहमति गर्ने गरी पाँचबुँदे प्रस्ताव प्रस्तुत भएको छ ।

प्रस्तावमा सीमांकनको विषय टुंगो लगाउन राजनीतिक संयन्त्र बनाउने र त्यसलाई संवैधानिक मान्यता दिने, सो संयन्त्रले तिन महिनाभित्र निर्णय गर्ने तथा सम्झौतामा हस्ताक्षरकर्ता दलहरू मिलेर संविधान संशोधन गर्नेलगायतका बुँदा रहेका छन् । सरकारको पाँचबुँदे प्रस्तावलाई मोर्चाले सकारात्मक भने पनि पर्याप्त भने नभएको प्रतिक्रिया दिएको छ ।

संघीय समाजवादी फोरमका नेता डा. मंगलसिद्धि मानन्धरले बैठकमा बुँदागत रूपमा छलफल भएको र सकारात्मक रूपमा अघि बढेको बताए । 'उहाँहरूले संयन्त्रको प्रस्ताव राख्नुभयो, छलफल सकरात्मक रूपमा भयो, तर हामीले अमूर्त छ अझै ठोस ढंगबाट आउनुपर्छ भनेका छौं,' बैठकपछि मानन्धनरले राजधानीसँग भने । उनले तिन महिनाभित्र सीमांकन टुंग्याउने र पहिचानसहितको प्रदेश बन्ने विश्वासको वातावरण बनिनसकेको बताए ।

तराई मधेस सद्भावना पार्टीका वरिष्ठ नेता रामनरेश राय यादवले आफूहरू छिटोभन्दा छिटो सहमति गर्नुपर्ने पक्षमा रहेको भन्दै सहमति नजिक भने आइनसकेको बताए। तिन महिनाभित्र सीमांकनको विषय टुंग्याउने कुरा नयाँ होइन, पहिलेदेखि नै हुँदै आएको हो,' यादवले राजधानीसँग भने, 'यो सकरात्मक भए पनि मूर्त भने छैन ।' प्रमुख तिन दल र मोर्चा दुवैतर्फका नेताहरूले छलफल सकरात्मक भएको र भोलि (सोमबार) सम्म सहमतिको खाका आउने बताएका छन् ।

बैठकमा तिन दलका तर्फबाट उपप्रधानमन्त्री तथा एमाले उपाध्यक्ष भीम रावल, कांग्रेस नेता महेश आचार्य र एमाओवादी महासचिव कृष्णबहादुर महरा सहभागी थिए । मोर्चाका तर्फबाट संघीय समाजवादी फोरम नेता डा. मंगलसिद्धि मानन्धर, तमलोपा उपाध्यक्ष हृदयेश त्रिपाठी, तराई मधेस सद्भावना पार्टीका नेता रामनरेश राय यादव र सद्भावना सहअध्यक्ष लक्ष्मणलाल कर्ण उपस्थित थिए। सरकार र तिन दलसँग वार्ता बहिष्कार गरेको सद्भावना पार्टी शनिबारदेखि वार्तामा फर्किएको हो । यसअघि विराटनगरको जोगवनी भन्सारमा भएको झडपमा अध्यक्ष राजेन्द्र महतो घाइते भएपछि उसले सरकारले माफी नमागेसम्म वार्तामा नबस्ने घोषणा गरेको थियो ।

वार्ता सहमति नजिक पुगेपछि शनिबारबाट सद्भावना पनि सहभागी भएको हो । 'छलफल सकारात्मक नै छ, आइतबार पुनःबसेर टुंग्याउने प्रयास गरिन्छ,' बैठकपछि एमाले उपाध्यक्षसमेत रहेका उपप्रधानमन्त्री रावलले भने ।

(बाँकी पृष्ठ २ मा)

**राजधानी कुरी-कुरी**




दिवाभोज खा'र निस्कनु भो शिर्षहरु ! आफु त ह्वाँहर्को डकारले नै अगाइयो !

# डेढ करोडको मालाले लियो ज्यान

**टपेन्द्र कार्की/राजधानी**
काठमाडौं, २ माघ

आफैंले लगाएको बहुमूल्य मालाकै कारण ज्यान जाला भन्ने सुइँकोसम्म पाएका भए सोलुखुम्बु निवासी थेपाङ शेर्पाले कहिल्यै माला लगाउने थिएनन् होला । अनि त्यसको सोख पनि पाल्ने थिएनन् होला । तर, घाँटीमा सधैं बहुमूल्य गहना लगाएर हिंड्ने सोखकै कारण उनको ज्यान गएको छ ।

गत बिहीबार साँझ आफैंले लगाएको बहुमूल्य मालाकै कारण थेपाङको ज्यान गएको छ । घरमा कोही नभएको मौकामा लुटेराहरूले डेरामा प्रवेश गरी धारिलो हतियार प्रहार गरेर शेर्पाको ज्यान लिए । अनि उनले लगाएको बहुमूल्य सी माला लिएर फरार भए । हत्या भएको भोलिपल्ट पक्राउ परेका फुरी शेर्पाले बहुमूल्य मालाकै लागि थेपाङको हत्या गरेको बयान दिएपछि यो तथ्य बाहिर आएको हो । प्रहरी अनुसन्धानले घाँटीमा लगाएको सी माला लुटपाट गर्ने उद्देश्यका साथ सोलुखुम्बुका ६० वर्षीय थेपाङको हत्या भएको देखाएको छ। हत्यापछि उनको घाँटीमा लगाइको डेढ करोडभन्दा बढी मूल्य पर्ने सी माला लुटपाट भएको प्रहरीको भनाइ छ । अभियुक्तहरूले शेर्पाको घाँटीमा लगाएको माला लुटेर लगे पनि डेराको सेफमा राखिएको सी माला र पैसा भने चोरिएको छैन ।

प्रहरीले हत्यामा संलग्न फुरी शेर्पालाई बौद्धबाटै पक्राउ गरेको थियो। उनीसँगै अन्य व्यक्ति पनि हत्यामा संलग्न रहेको प्रहरीले दाबी गरेको छ। महानगरीय प्रहरी वृत्त बौद्धका प्रहरी नायब उपरीक्षक (डीएसपी) नरहरि रेग्मीले शंकास्पद केही व्यक्ति पक्राउ परेको र हत्यामा संलग्न अभियुक्तको पहिचान भइसकेको बताए । 'हामी हत्यारा सबैको पहिचान गर्न सफल भइसकेका छौं, अहिलेसम्मको अनुसन्धान र अभियुक्तको बयानले हत्याको कारण सी माला नै हो भन्ने देखिन्छ,' डीएसपी रेग्मीले राजधानीसँग भने, 'यसअघि पनि बौद्धमा यस्तै प्रकृतिका घट्ना भएकाले ती सबैलाई जोडेर अनुसन्धान गरिरहेका छौं ।'

बौद्ध टुसालस्थित डेरामा बसिरहेका शेर्पालाई फुरी शेर्पालगायतका व्यक्तिहरूले धारिलो हतियार प्रयोग गरी हत्या गरेका थिए । प्रहरीका अनुसार बिहीबार साँझ उनकी श्रीमती शेर्पा गुम्बामा पूजा गर्न गएका बेला हत्या भएको थियो। फर्किंदा श्रीमान्लाई मृत अवस्थामा देखेपछि उनले प्रहरीलाई खबर गरेकी थिइन् ।

बौद्ध धर्मावलम्बीमा बहुमूल्य र पवित्र मानिने सी मालाको कारोबारले बौद्ध क्षेत्रमा अपराध बढाएको प्रहरीको भनाइ छ । प्रहरीका अनुसार सी मालालगायत प्राचीन बहुमूल्य पदार्थको बौद्धमा ठुलो मात्रामा अवैध कारोबार हुने गरेको छ । एउटै सी मालाको करोडौंमा कारोबार हुने भएकाले लुटपाट र हत्याजस्ता जघन्य अपराधका घटना बढेको प्रहरीले दाबी गर्दै आएको छ ।

बौद्ध धर्मावलम्बीहरूले सी माला घाँटीमा लगाउँदा शरीरमा रोग नलाग्ने तथा शक्ति प्राप्त हुने विश्वास गर्छन् । प्रायः शेर्पा समुदाय र लामा गुरुहरू यो मालालाई पवित्र हुने विश्वास राख्दै आएका छन् । प्रहरीका अनुसार सो सी मालाको कारोबारमा तिब्बतियन शरणार्थी, केही भुटानी र भारतीय नागरिकहरू संलग्न रहेका छन् । प्रहरीले केही महिनाअघि सी माला चोरी गर्ने एउटा गिरोहलाई पक्राउ गरे पनि कारोबार गर्नेलाई भने पक्राउ गरेको छैन। कारोबार नै अवैध भएकाले सी माला चोरी हुँदा कतिपय कारोबारीहरू प्रहरीमा उजुरी नै गर्न नजाने प्रहरीको भनाइ छ ।

# टुंगियो सदस्यता तोडियो अनशन

## अन्तिम सूची आज

**भुवन शर्मा/राजधानी**
काठमाडौं, २ माघ

नेपाली कांग्रेसको केन्द्रीय निर्वाचन समितिले आइतबारदेखि देशभरका क्रियाशील सदस्यताको नाम सार्वजनिक गर्ने भएको छ ।

### दुई सांसदलाई बल्ल सदस्यता

कांग्रेसका दुई नेताहरूले सांसद भएपछि मात्र पार्टीको साधारण सदस्यता र क्रियाशील सदस्यता पाएका छन् । सरकारले नै २६ सभासद् मनोनयनको कांग्रेस कोटामा सांसद बनेका उमेश श्रेष्ठ र धनुषाकी समानुपातिक सांसद रश्मी ठाकुरको क्रियाशील सदस्यता पारित भएपछि उनीहरू बल्ल 'क्रियाशील कांग्रेस' बनेका हुन् ।

श्रेष्ठले चितवनबाट र ठाकुरले धनुषाबाट सदस्यता पाएका छन् । प्याब्सनका पूर्वअध्यक्षसमेत रहेका श्रेष्ठ यसअघि कुनै पार्टीसँग आबद्ध थिएनन् । रश्मी भने जिउँदो सहिद अरविन्द ठाकुरकी छोरी हुन् । अरविन्द ठाकुरलाई २०४५ सालमा राजा महेन्द्रलाई बम हान्न प्रयास गरेको आरोपमा मृत्यु दण्डको सजाय सुनाइएको थियो । तर, मधेसी बाहुन भन्ने थाहा भएपछि उनलाई माफी दिइएको थियो। नेपालको लोकतान्त्रिक आन्दोलनमा ठाकुरले गरेको योगदानको कदर गर्दै कांग्रेसले रश्मीलाई समानुपातिक सांसद बनाएको हो । सदस्यता छानबिन समितिका अनुसार कांग्रेसका अन्य सबै सांसदसँग क्रियाशील सदस्यता छ ।

आइतबार क्रियाशील सदस्यतको सूची वेबसाइटमा राख्ने निर्वाचन समितिका सदस्यहरूले तयारी सुरु गरेका छन् । कांग्रेसमा ४ लाख ७० हजार क्रियाशील सदस्य छन् । समितिका सचिव केशव रिजालका अनुसार केही दिनअघि बसेको पार्टीको पदाधिकारी बैठकले गरेको निर्णयअनुसार क्रियाशील सदस्यको सूची अद्यावधिक गर्दै आइतबारदेखि वेबसाइटमा राख्ने गरी काम सुरु भएको छ ।

(बाँकी पृष्ठ २ मा)

# टप्किँदो शीतमुनि कलिला नानी

**लक्ष्मी सापकोटा/राजधानी**
सुरी (दोलखा), २ माघ

दोलखा जिल्लाको सुरी गाविस-४ सोल्जोकस्थित हलेश्वर उच्च माध्यमिक विद्यालय, जहाँ कक्षा १ देखि १२ सम्म गरी ५ सय विद्यार्थी अध्ययनरत छन् । त्यसको अवस्था देख्दा कारुणिक कथा बन्न पुग्छ, अनि आङ पनि सिरिङ्ङ हुन्छ । पुस/माघ महिनाको कठयांग्रिँदो चिसोसँगै सो विद्यालयमा जस्तापाताबाट तप्पतप्प पानी चुहिरहेको हुन्छ। त्यही पानी चुहिरहने कोठाभित्र अध्ययन गरिरहेका छन्, ५ सय विद्यार्थी। 'सबै कोठामा शीतका थोपा (पानी) चुहिरहन्छन्, त्यसैले झन् चिसो हुन्छ तर के गर्नु हामीसँग अर्को कुनै विकल्प छैन,' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जिष्णु खड्का भन्छन् । हलेश्वर उच्च माविमा टाउको ओत लगाउन जसोतसो



जस्ताले छाएको अस्थायी टहरो भए पनि जताततै खुला छ। गत १२ र २९ वैशाखमा गएको भूकम्पले विद्यालय पूर्ण रूपमा भत्किनुका साथै विद्यालयले ओगटेको जमिनसमेत चिरिएपछि नजिकै रहेको जग्गा भाडामा लिएर अस्थायी रूपमा टहरो बनाई पठनपाठनको व्यवस्था अघि बढाएको छ । विद्यार्थीको भविष्यमाथि खेलवाड नहोस् भनेर सांसद पार्वत गुरुङको विशेष पहलमा भाडाकै जग्गामा पनि अस्थायी टहरा बनाएर अध्ययन अघि बढाइएको थियो । कक्षा १२ सम्म अध्ययन हुने सो विद्यालयका सबै संरचना भूकम्पले ध्वस्त पारिदिएपछि शीतमुनि विद्यार्थी अध्ययन गर्न बाध्य छन् यतिबेला । भूकम्पले क्षतविक्षत रहेको सो उच्च माविमा सरकार र विभिन्न संघ/संस्थाले दिएको जस्तापाताले छाएर अस्थायी रूपमा जसोतसो टहरो निर्माण गरी अध्ययन गराइरहेको छ ।

विद्यालयको भवन पूर्ण रूपमा भत्किएपछि अध्ययन गर्न निकै कठिन भएको अनुभव सुनाउँछन् शिक्षक खड्का स्वयं पनि । 'चिसो मौसम छ, जताततै शीतको थोपा (पानी) चुहिरहेको छ, यो दृश्यले निकै पीडा दिएको छ,' विद्यालय परिसरमा शिक्षक खड्काले राजधानीसँग भने, 'भूकम्पले स्कुलको सबै संरचना भत्किएर बस्नयोग्य नभएपछि भाडा तिरेर अस्थायी रूपमा टहरामा पढाइरहेका छौं ।' पुस र माघमा जाडो निकै बढेपछि विद्यार्थी बिरामी पर्न थालेको खड्काले जानकारी दिए । 'चिसोले गर्दा धेरै विद्यार्थी बिरामी हुन थालेका छन्, उनीहरूको पढाइसँगै स्वास्थ्यको पनि ख्याल गर्नुपर्ने अवस्था आएको छ,' खड्का भन्छन् ।

भूकम्पपश्चात् अधिकांश विद्यार्थीमा मानसिक त्रास रहिरहेकाले धेरै समस्या पर्ने गरेको शिक्षक खड्काको भनाइ छ। सुरुका दिनमा भूकम्पले अत्तालिएर दिनहुँजसो विद्यार्थी बेहोस भएपछि धेरै समस्या पर्ने गरेको उनी बताउँछन्। त्यसो त दोलखामा अहिले पनि हरेक दिनजसो भूकम्पीय धक्काको महसुस भइ नै रहन्छ ।

(बाँकी पृष्ठ २ मा)

# पुनर्निर्माण नै सुरु गरे पिलाछेंका जनताले

**राजधानी समाचारदाता**
काठमाडौं, २ माघ



सरकारले राष्ट्रिय पुनर्निर्माण महाअभियान सांकेतिक रूपमा शुभारम्भ गरेकै दिन ललितपुरको पुरानो बस्ती पिलाछेंवासीले पनि पुनर्निर्माण थालेका छन्।

राष्ट्रिय भूकम्प दिवसको अवसर पारेर पुरानो वास्तुकला निबिग्रिने गरी पिलाछेंवासीले शनिबारदेखि पुनर्निर्माण सुरु गरेका हुन्।

अधिकांश महर्जन समुदायको बस्ती रहेको पिलाछेंका सूर्यलाल, हरिमान र मंगलमान महर्जनको घरबाट पुनर्निर्माण शुभारम्भ गरेर पिलाछें पुनर्निर्माण अघि बढाइएको हो।

सरकारको भर पर्दा भूकम्प गएको लामो समयसम्म पुनर्निर्माण अघि नबढेको र बास बस्नसमेत समस्या भएपछि विभिन्न दाताको सहयोग तथा स्थानीय सक्रियतमा पुनर्निर्माण अघि बढाइएको हो। सहयोगी हात, स्थानीय समुदायको जागरुकता तथा माया फाउन्डेसनका स्थानीय रमेश महर्जनको सक्रियतमा सुरु पुनर्निर्माण अन्तर्गत ३० महिनाभित्र ८२ घरधुरी पुनर्निर्माण गरिसक्ने लक्ष्य छ।

यहाँका १ सय १० घरधुरीमध्ये ८२ घर भूकम्पले पूर्ण क्षति भएका थिए। 'पुरानो कलाशैली बिग्रने गरी पुरातात्विक रूपमै ८२ घरधुरी पुनर्निर्माण सुरु गरेका छौं,' फाउन्डेसनका महर्जनले भने, 'यसका लागि ४६ करोड लागत लाग्ने अनुमान गरिएकोमा जनश्रमदान र चन्दामार्फत २५/२५ प्रतिशत हुनेछ भने ऋण र व्यक्तिगत लगानीमार्फत २५/२५ प्रतिशत संकलन गर्ने लक्ष्य छ।'

यहाँको पुनर्निर्माणका लागि तिलगंगा इन्स्टिच्युट अफ अप्थाल्मोलोजीका डा. सन्दुक रुइतले ४ करोड रुपैयाँ तथा च्वाइस नेपालका डा. रमेश अधिकारीले ५० लाख रुपैयाँ दिने घोषणा गरिसकेका छन्।

पुनर्निर्माण सुरुआतका लागि शनिबार राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. गोविन्दराज पोखरेल, आयोगकै पूर्वसदस्य डा. स्वर्णिम वाग्ले, पूर्वमुख्य सचिव लीलामणि पौडेल, संस्कृतिविद् सत्यमोहन जोशी, वरिष्ठ कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य, राष्ट्रिय गानका रचनाकार व्याकुल माइला, कलाकार सीताराम कट्टेल पिलाछें पुगेका थिए। परियोजनाले सांस्कृतिक तथा आर्थिक रूपान्तरण उद्देश्य राखेर पिलाछेंका घर तथा चोकको सुन्दरता र परम्परा ध्यानमा राखेर डिजाइन तथा संरक्षण गर्ने लक्ष्य राखेको छ। सरकारले तोकेको मापदण्डकै आधारमा बनाइने भूकम्पप्रतिरोधी घर चार तलाको हुने तथा पहिलो तला व्यापार व्यवसायका निम्ति छुट्ट्याइनेछ।

दोस्रो र तेस्रो तलामा 'होमस्टे' चलाइने लक्ष्य छ। सम्राट अशोक ४०० बीसीमा घुम्न आएको क्षेत्रमा अशोक स्तम्भ पनि छ।

# कामभन्दा उडाउने चलन बढ्दो : प्रधानमन्त्री

**राजधानी समाचारदाता**
बुङमती (ललितपुर), २ माघ

प्रधानमन्त्री केपी शर्मा ओलीले 'कामभन्दा उडाउने चलन' बढ्दै गएको बताएका छन्।

१८औं भूकम्प सुरक्षा दिवसका अवसरमा शनिबार बुङमति पुनर्निर्माण शुभारम्भ गर्दै उनले 'जलविद्युत् र घरघरमा पाइपमार्फत ग्याँस असम्भव नभएको' दाबीसमेत गरे।

'क्षमताभन्दा ज्यादै कम विद्युत् उत्पादन भइरहेकाले बढाउनुपर्छ,' उनले भने, 'नेपालमा ८३ हजारभन्दा बढी क्षमता भए पनि हिउँदमा १ सय ५ मेगावाट मात्र विद्युत् उत्पादन हुन्छ।' फोहोरमा भएको ग्याँस सदुपयोग गर्न सके घरघरमा ग्याँस असम्भव नभएको उनको विश्वास छ।

'अबको एक दशकमा विकासको लहर नै ल्याउनुपर्ने'मा जोड दिँदै प्रधानमन्त्री ओलीले 'कुरा काटेर दिन काट्नेलाई विकास हुनेमा सकारात्मक हुन' सल्लाह पनि दिए। 'एक दशकमै बाटो चौडा हुन्छ, बलियो र सफा सहरलगायतका परिवर्तन आउनेछन्,' उनले भने, 'प्राकृतिक स्रोत भरपुर छन्, नेपाली परिश्रमी भएकाले विकासको लहर ल्याउन असम्भव छैन।'

सरकार पूर्वभूकम्पीय जानकारी दिने प्रविधि जडानमा लागेको अवगत गराउँदै ओलीले पहिल्यै जानकारी दिने प्रविधि भने पनि घर भने सुरक्षित बनाउनुपर्ने बताए। १९९० सालमा भूकम्प गएको ८२ वर्ष पुगेकै दिन पुनर्निर्माण शुभारम्भ भएको महाअभियानअन्तर्गत तिन महिनामा धेरै काम गरिसक्ने प्रधानमन्त्रीको विश्वास छ।

'वैशाखमा भूकम्प गएको एक वर्ष पुग्न बाँकी छ, तिन महिनामा धेरै काम गर्ने सरकारको योजना छ,' उनले भने, 'सरकारले जाडो छल्न न्यानो कपडा विरतण गरिरहेको छ।'

हात र साथमा केही नहुँदा देशभर २७ हजारभन्दा बढी घर र १ हजारभन्दा बढी विद्यालय बनाएको स्मरण गर्दै ओलीले थपे, 'अहिले सरकारमा हुँदा अझ धेरै काम गर्न सकिन्छ। सरकारले भूकम्पबाट बढी प्रभावित जिल्लामा कार्यालय स्थापना गरेर पुनर्निर्माण अघि बढाउँदै छ।'

उपप्रधान तथा भौतिक योजना तथा यातायात व्यवस्थामन्त्री विजयकुमार गच्छदारले 'सबै एक भएर लाग्दा मात्र पुनर्निर्माण अघि बढ्न सक्ने' बताए। 'हामी ढिला भइसकेका छौं, अझै ढिला गर्नुहुँदैन,' उनले भने, 'राजनीतिक कारण पहिल्यै ढिलाइ भएको थियो, अब द्रूत गतिमा काम अघि बढ्नेछ।'

गृहमन्त्री शक्ति बस्नेतले तत्काल पुनर्निर्माण पूरा गर्नुपर्नेमा जोड दिए। 'पुनर्निर्माण विषय सरकारको प्राथमिकतामा रहेको छ,' उनले भने, 'बुङमतीमा विशिष्ट पहिचान रक्षा गर्दै पुनर्निर्माण गर्न खाँचो छ।'

संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री आनन्द पोखरेलले मत्स्येन्द्रनाथ मन्दिर पुनर्निर्माणका लागि नेपाल र श्रीलंकाबिच समझदारी भइसकेको जानकारी दिए। 'मठमन्दिर लगायतका धार्मिक स्थल निर्माण गर्दा पुरातत्त्व विभागको मापदण्डमा रहेर गर्न आवश्यक छ,' उनले भने, 'अब धार्मिक-सांस्कृतिक पर्यटन जनजीवनसँग जोडिन पनि आवश्यक छ।'

पुनर्निर्माणमा जनताको अपनत्व उत्तिकै आवश्यक पर्ने शान्ति तथा पुनर्निर्माणमन्त्री एकनाथ ढकालले बताए। 'प्राधिकरणले मात्र गरेरभन्दा नागरिक संलग्नता खाँचो छ,' उनले भने, 'भूकम्पीय चुनौतीलाई अब अवसरमा बदल्नुपर्छ।'

पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले पुर्खाले निर्माण गरेको संरचना भत्किए पनि उस्तै तर बलियो गरेर बनाउनुर्पे बताए।

कार्यक्रममा युएन ह्याबिट्याट प्रमुख पद्मसुन्दर जोशी र कार्यविनायक नगरपालिकाका कार्यकारी अधिकृत रोहितराज पाण्डेले पुनर्निर्माणसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गरेका थिए।

## छोटकरी

### रकम असुल्दै गर्दा पक्राउ

**काठमाडौं/रास–** ताम्सीपाखास्थित सोलार सिस्टममा कार्यरत पर्सा वीरगन्जका ५० वर्षीय राजेश शर्माबाट रकम असुल गर्ने दुई जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा धादिङ ज्यामरुङ-१ बस्ने ३५ वर्षीय कुलमान श्रेष्ठ र आफूलाई 'अडिटर' बताउने काठमाडौं-२१ जैसीदेवल बस्ने भारत राजस्थानका ४० वर्षीय मुकेश शर्मा छन्। उनलाई समेत अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको छ।

उनीहरू समेतका चार जनाले गत २४ पुसमा राजेशको पसलमा आएर 'हामी अख्तियारका कर्मचारी हौं, तपाईंले नक्कली बिल भर्पाई बनाई काम गर्ने हुँदा फसाइदिन्छौं र केस नमिले श्रीमतीलाई अपहरण गरिदिन्छौं' भनी धम्क्याएका थिए।

### घिमिरे र पन्तलाई वियोगी पत्रकारिता

**काठमाडौं/रास–** गोविन्द वियोगी विशेष पत्रकारिता पुरस्कार परशु घिमिरे र टंक पन्तलाई प्रदान गरिएको छ।

सम्पादक समाजले वियोगीको १०औं स्मृति दिवसको अवसरमा उनीहरूलाई संयुक्त रूपमा पुरस्कार प्रदान गरेको हो। सञ्चारमन्त्री शेरधन राईले शनिबार विशेष समारोहबिच पुरस्कार प्रदान गरेका हुन्। तिन दशकदेखि पत्रकारितामा क्रियाशील घिमिरे तरुण साप्ताहिकका सम्पादक र पन्त चक्रपथ डटकमका सल्लाहकार सम्पादक छन्।

४० को दशकदेखि पत्रकारिता निरन्तर क्रियाशील रहेको भन्दै सम्पादक समाजले पुरस्कार प्रदान गरेको हो। यसैगरी, गोविन्द वियोगी वरिष्ठ पत्रकार सम्मान भने रामचन्द्र न्यौपानेलाई प्रदान गरिएको छ। न्यौपाने गोरखापत्र दैनिकका पूर्वसम्पादकको जिम्मेवारीमा रहेका थिए।

### महोत्तरी सम्पर्क मञ्चमा कोइराला

**काठमाडौं/रास–** एमाले महोत्तरी-काठमाडौं सम्पर्क मञ्चको शनिबार सम्पन्न दसौं सम्मेलनले राजेन्द्र कोइरालाको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति चयन गरेको छ।

कार्यसमिति उपाध्यक्षमा सुशील कोइराला, सचिवमा खिलनाथ लुइँटेल, सहसचिवमा वन्दना मैनाली र कोषाध्यक्षमा विनोद अधिकारी चुनिएका छन्। त्यस्तै, सदस्यमा पद्मप्रसाद उपाध्याय, नितेशकुमार सिंह, सुजित यादव, कल्याण गौतम, सुलोचना कोइराला, उपेन्द्र दवाडी, तिलक कार्की र हरिप्रसाद काफ्ले चयन भएका छन्।

कार्यक्रममा स्थायी कमिटी सदस्य एवं सम्पर्क विशेष कमिटी इन्चार्ज छविलाल विश्वकर्मा, शान्ति तथा पुनर्निर्माण राज्य मन्त्री दीपनारायण साह, सांसद रामदयाल मण्डल, जनकपुर अञ्चल सम्पर्क कमिटी अध्यक्ष हरिकृष्ण ठकुरी लगायतले शुभकामना मन्तव्य राखेका थिए।

# केदारनाथ मन्दिर पुनर्निर्माणमा एकै व्यक्तिबाट ५ करोड सहयोग

**किरण बुढाथोकी/राजधानी**
भक्तपुर, २ माघ



भूकम्पबाट क्षतिग्रस्त केदारनाथ शिर डोलेश्वर महादेव मन्दिर पुनर्निर्माणका लागि संखुवासभा चैनपुरका कृष्णगोपाल श्रेष्ठले ५ करोड १ सय ११ रुपैयाँ सहयोग प्रदान गर्ने भएका छन्।

पहिलो किस्तास्वरूप उनले १ करोड ५० लाख १ सय ११ रुपैयाँ प्रदान गरिसकेका छन्। पुनर्निमार्णको सम्पूर्ण लगानी बेहोर्ने गरी श्रेष्ठले सहयोग प्रदान गर्ने प्रतिबद्धतासमेत जनाएका छन्।

मन्दिरमा आर्थिक पारदर्शिता हुने भएकाले पनि धेरै दाता सहयोग गर्न इच्छुक देखिएको केदारनाथ शिर डोलेश्वर महादेव मन्दिर संरक्षण तथा विकास समितिले जनाएको छ। समिति कोषाध्यक्ष विश्वराम थापाका अनुसार मन्दिर पुनर्निर्माणका लागि अन्य दाताले पनि इच्छा देखाइरहेका छन्।

गत आर्थिक वर्षसम्म भक्तजनबाट ९८ लाख २२ हजार रुपैयाँ संकलन भएको थियो। मन्दिरको गुरुयोजना निर्माणका लागि ५५ करोड लाग्ने अनुमानसमेत गरिएको छ।

त्यस्तै, पुनर्निर्माणका लागि ५ करोड लाग्ने अनुमान छ। गत १८ जेठमा शिलान्यस गरिएको क्षतिग्रस्त मन्दिर पुनर्निर्माण भइरहेको छ। समितिको सातौं वार्षिक साधारण सभा शनिबार उद्घाटन गर्दै मन्त्री आनन्दप्रसाद पोखरेलले नेपाल सरकारभन्दा धेरै व्यक्ति धनी रहेकाले मन्दिर पुनर्निर्माणमा सहयोग जुटाउनुपर्नेमा जोड दिए।

मन्त्रालयले मन्दिर पुनर्निर्माणका लागि १ करोड रुपैयाँ बजेट विनियोजन गरेको जानकारी दिँदै उनले सरकारले मन्दिरको गुरुयोजना पूरा गर्न बजेट विनियोजन गरेको प्रस्ट पारे।

पूर्वउद्योगमन्त्री महेश बस्नेतले डोलेश्वर गुरुयोजना पूरा गर्न सबै क्षेत्र लाग्नुपर्नेमा जोड दिँदै जिल्लामा धेरै तीर्थस्थल रहेको अवस्थामा धार्मिक पर्यटन विकासका लागि मन्त्रालयस्तरबाट छलफल भइरहेको जानकारी दिए।

डोलेश्वर, अनन्तलिंगेश्वर मन्दिरलाई धार्मिक पर्यटन केन्द्र बनाउन सबै लाग्नुपर्नेमा जोड दिँदै बस्नेतले सरकारले अनन्तलिंगेश्वर र डोलेश्वर मन्दिर पुनर्निर्माणका लागि १/१ करोड बजेट विनियोजन गरेकोमा खुसी व्यक्त गरे। 'मन्दिरको आकर्षण पछिल्लो समय बढ्दै गएको छ,' उनले भने, 'भक्तपुर विकासका लागि सबै क्षेत्रबाट सक्दो पहल गरिरहेको छु।'

सांसद केदार सञ्जेलले गुरुयोजना चाँडै कार्यान्वयन गरी डोलेश्वर क्षेत्रलाई धार्मिक पर्यटनका रूपमा विकास गर्न सबैले पहल गर्नुपर्ने बताए।

समिति अध्यक्ष विदुरमानसिंह बस्नेतको सभापतित्वमा सम्पन्न कार्यक्रममा संरक्षक भरत जंगम, समाजसेवी कृष्णलाल भँडेल, पद्मबहादुर पौडेल, सूर्यविनायक सामुदायिक वन उपभोक्ता समूह सचिव अञ्जना नेपालीले पनि धारणा राखेका थिए।

# महामन्त्रीमा विमलेन्द्र निधिको उम्मेदवारी

**राजधानी समाचारदाता**
काठमाडौं, २ माघ



कांग्रेस पूर्वमहामन्त्री तथा कार्यसमिति सदस्य विमलेन्द्र निधिले १३औं महाधिवेशनमा महामन्त्री पदमा उम्मेदवारी दिने भएका छन्।

तराई मधेसमा कमजोर बन्दै गएको पार्टीको पहुँच र देशको परिवर्तित स्वरूप सम्बोधनका लागि आफ्नो उम्मेदवारी अनिवार्य भएको बताउँदै महामन्त्रीमा उम्मेदवारी दिने तयारी गरेको निधिनिकट नेताले बताएका छन्।

देशभर भ्रमण र पार्टी कार्यकर्ताका सल्लाह तथा सुझावपछि निधिले उम्मेदवारी दिने तय गरेका हुन्। पार्टीका नेतामाझ तराई मधेस समस्या सम्बोधन विषयमा 'फरक मत' राख्दै आएका निधिको उम्मेदवारी देश, जनता र प्रजातन्त्रका लागि भएको धनुषा जिल्ला सभापति रामसरोज यादवले बताए। उनका अनुसार निधिले केही दिनमै औपचारिक कार्यक्रममार्फत आफ्नो उम्मेदवारी सार्वजनिक गर्ने तयारी गरिरहेका छन्।

निधिले देशलाई एकसूत्रमा बाँधेर बीपीको समाजवाद, सर्वोच्च नेता गणेशमान सिंहको अडिग विचार र सन्त नेता कृष्णप्रसाद भट्टराईको कूटनीतिलाई पार्टीले कार्यान्वयनमा लैजानुपर्ने विचार राख्दै आएका छन्।

जनआन्दोलन-२ सफलतापछि पार्टीमा देखिएको अस्थिर र असफल कूटनीतिका कारण धेरै नेता तथा कार्यकताले पार्टी छाडेर गएको ठहर निधिको छ। हिमाल, पहाड र तराई मधेस विषयमा पार्टीले लिएको पुरातन सोचविरोधी मानिने उनको उम्मेदवारी अर्थपूर्ण मानिएको छ।

परिवार नै पार्टी राजनीतिमा सक्रिय रहे पनि निधि विर्द्यार्थी राजनीति हुँदै पार्टीमा आफ्नै बलबुताले स्थान बनाउन सफल भएका हुन्।

उनी नेपाल विद्यार्थी संघको पूर्वअध्यक्ष हुँदै पार्टी महामन्त्री भइसकेका छन्। निधिले आफ्नो करिब पाँच दशक लामो राजनीतिक यात्रामा सात वर्ष जेल बिताएका थिए। राजनीतिक शास्त्रमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गरेका निधि संविधानसभा निर्वाचनमा धनुषा क्षेत्र-३ बाट प्रत्यक्ष निर्वाचित संसद् हुन्।

## ११:५६ मै...

भूकम्पपछिको पुनर्निर्माणमा अनियमितता सह्य नहुने बताउँदै उनले जनतालाई दुःख नदिई राजनीतिक दलहरूलाई युवा स्वयंसेवी उतार्ने प्रतिस्पर्धा गर्न आग्रह गरे। पुनर्निर्माण महाअभियानमा प्रतिबद्धता जनाउन आएका प्रमुख प्रतिपक्षी दलका नेता एवं कांग्रेस सभापति सुशील कोइरालाले आफ्नो पार्टी प्रतिपक्षमा भए पनि पुनर्निर्माण अभियानमा सघाउने बताए।

एकीकृत नेकपा माओवादी अध्यक्ष पुष्पकमल दाहालले भूकम्पपछिको उद्धार चरणमा जस्तो कालोबजारी, भ्रष्टाचार नहुने र सम्पूर्ण रूपमा नैतिकता र इमानदारिता हुने गरी पुनर्निर्माण अघि बढाउने बताए। दुवै नेताले पुनर्निर्माणमा सरकारलाई सघाउन तयार रहेको बताएका थिए।

रानीपोखरीको पुरातात्विक सम्पदा र बुङमतीको व्यक्तिगत घर निर्माण एकसाथ सुरु हुनु सांकेतिक भएको बताउँदै प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले मुलुकमा पुनर्निर्माणसँगै नवनिर्माण अभियान सुरु हुने उल्लेख गरे। हरेक गाउँमा प्राविधिकसहितको स्रोत र निर्माण सामग्रीको हब बनाइने भन्दै उनले पुनर्निर्माणमा स्थानीय जनताको नेतृत्व, अपनत्व र सहभागिता हुने दाबी गरे। आगामी तिन महिनाभित्र पुनर्निर्माणका लागि आवश्यक सबै नीति, नियम, कानुन, संरचना, दक्ष जनशक्ति, मोडालिटीको छनोटलगायत सकेर वैशाखदेखि व्यक्तिगत आवासको निर्माण गर्ने लक्ष्य राखेको उनको भनाइ छ। 'सांकेतिक रूपमा पुनर्निर्माण महाअभियानको सुरुआत गरिएको छ, वर्षाअघि नै व्यक्तिगत आवास बनाउनका लागि सहज हुने गरी सबै तयारीका साथ अघि बढेका छौं,' उनले भने। पुनर्निर्माण पाँच वर्षभित्र सक्ने लक्ष्य सरकारको छ। प्राधिकरणका अनुसार भूकम्पका कारण ६ लाख ८ हजार घर पूर्ण रूपमा र २ लाख ९८ हजार ९ सय घरगोठ आंशिक रूपमा क्षति भएका छन्। त्यसैगरी, भूकम्पबाट ७ खर्ब ४ करोडबराबरको क्षति र नोक्सान भएकामा ६ खर्ब ७० अर्ब पुनर्निर्माणका लागि आवश्यक रहेको राष्ट्रिय योजना आयोगले तयार पारेको विपद्पछिको आवश्यकता आँकलन (पीडीएनए) प्रतिवेदनले औंल्याएकामा १० असारमा गरेको दाता सम्मेलनमा ४ खर्ब १० अर्बबराबरको प्रतिबद्धता जनाएका थिए।

सरकारले चालु आर्थिक वर्षमा प्राधिकरणका लागि ७४ अर्ब र विभिन्न मन्त्रालयलाई १७ अर्ब बजेट छुट्याएकामा ढिलो गरी प्राधिकरण गठन भएपछि आयोगले चालु वर्षको बाँकी अवधिका लागि ४९ अर्ब ३३ करोड बजेट छुट्याएको छ। प्राधिकरण गठनमा ढिलाइ तथा विभिन्न मन्त्रालयहरूलाई छुट्याएको रकमसमेत खर्च हुन नसक्दा हालसम्मको खर्च शून्य छ। प्राधिकरणका विशेष प्रभावित क्षेत्रमा ६ र बाँकी प्रभावित जिल्लाका लागि एक गरी सातओटा उपक्षेत्रीय कार्यालयका साथै दुई स्रोत केन्द्र स्थापना आगामी वैशाखभित्र गरिसक्ने लक्ष्य राखेको छ। हाल तथ्यांक विभागले भूकम्पपीडितको डिजिटल सर्वेक्षण जारी राखेकामा माघभित्र सम्पन्न गर्ने लक्ष्य राखेको छ। सरकारले भूकम्प प्रभावित क्षेत्रमा आवास बनाउनका लागि १७ नमुना घरको डिजाइन तयार गरेको छ।

आगामी चैतदेखि पाँचओटा जिल्लामा नमुना तथा वैशाखदेखि प्रत्येक जिल्लाका कम्तीमा पाँच गाविस वा नगरपालिकामा व्यक्तिगत आवासको निर्माण सुरु गर्ने लक्ष्य प्राधिकरणको छ। प्रत्येक जिल्लामा सम्बद्ध जिल्लाका सरकारी कार्यालय पुनर्निर्माण एकाइ/कार्यालय स्थापना गर्ने र त्यसमार्फत कार्यान्वयनका लागि सहजीकरण गर्ने लक्ष्य प्राधिकरणको छ।

पुनर्निर्माणका लागि प्राधिकरणले प्रत्येक गाविस एक इन्जिनियर, सामाजिक परिचालक र एक तालिम प्राप्त निर्माणकर्मीको व्यवस्था गर्न लागेको छ। सरकारले भूकम्पपीडितको व्यक्तिगत आवास निर्माणका लागि २ लाख अनुदानसहित थप ३ लाख सामूहिक जमानीमा र धितो राखेर सहुलियत दरमा काठमाडौं उपत्यकामा २५ लाखसम्म र उपत्यकाबाहिर १५ लाखसम्म ऋण दिने व्यवस्था गरेको छ।

## टुंगियो सदस्यता...

'हामीले आइतबारदेखि नै क्रियाशील सदस्यताको सूची वेबसाइटमा राख्ने गरी तयारी सुरु गरेका छौं,' सचिव रिजालले भने।

नेपाली कांग्रेसले आठौं महाधिवेशन (२०४८) सालदेखि क्रियाशील सदस्यताको सूची अभिलेखमा राख्दै आएको छ। त्यसभन्दा अघिको विवरण पार्टीसँग छैन। पार्टी सभापति सुशील कोइरालाको क्रियाशील सदस्यता बाँकेबाट रहेको छ भने वरिष्ठ नेता शेरबहादुर देउवाको क्रियाशील सदस्यता डडेलधुराबाट रहेको छ। यसैगरी, उपसभापति रामचन्द्र पौडेलको तनहुँबाट, महामन्त्रीद्वय प्रकाशमान सिंहको काठमाडौं र कृष्ण सिटौलाको झापाबाट छ। यसैगरी, कोषाध्यक्ष चित्रलेखा यादवको सिराहाबाट क्रियाशील सदस्यता रहेको निर्वाचन समितिले जनाएको छ।

क्रियाशील सदस्यताको विवाद पनि पूर्ण रूपमा टुंगिएको छ। पार्टी कार्यालयमा बसेको तिनओटा बाँकी अनशन शनिबारदेखि हटेका छन्। तिनओटा अनशन यसअघि नै हटिसकेका छन्। निर्वाचन समितिले केही दिनमा नै क्रियाशील सदस्यताको सूची गाउँगाउँमा पठाउने तयारी गरेको छ।

आगामी १५ माघमा गाउँ अधिवेशन, १७ मा क्षेत्रीय अधिवेशन र २५ मा जिल्ला अधिवेशन हुँदै छ। 'अब हामीले केही दिनमा क्रियाशील सदस्यतका सूची गाउँगाउँमा पठाउँदै छौं। त्योभन्दा पहिले हामीले सूची पार्टीको वेबसाइटमा राख्दै छौं,' केन्द्रीय निर्वाचन समितिका संयोजक राधेश्याम अधिकारीले भने।

## टप्किँदो...

भूकम्पको त्राससँगै जस्तामुनि बसेर बढ्नुपर्दा निकै पीडा हुने गरेको विद्यार्थीको अनुभव छ। कक्षा ६ मा अध्ययनरत शर्मिला तामाङ भन्छिन्, 'चिसो समयमा जस्तामुनि बसेर अध्ययन गर्न धेरै गाह्रो भएको छ तर पनि योभन्दा अर्को विकल्प हामीसँग छैन।' हलेश्वर उच्च माविमा अध्ययनरत ५ सय विद्यार्थीको सामूहिक समस्या यही रहेको उनी बताउँछिन्। अस्थायी रूपमा बनाएको टहराको होस्टेलमा बस्दै आएकी पवित्रा तामाङले चिसोले गर्दा हातखुट्टा सुन्निने गरेको बताइन्। पढ्न बस्दा जस्ताबाट पानी चुहिने र हावा चल्दा झनै चिसो हुने गरेको उनको भनाइ छ।

सुरी गाविसमा रहेका सबै विद्यालयका भवन भूकम्पले ध्वस्त बनाएको छ। अस्थायी रूपमा टहरा बनाएर सबै विद्यालयले अध्ययन गराइरहेका छन्। विद्यालयको कोर्स पूरा गर्न जस्ताको छानामुनि भए पनि अध्ययन गराइरहेको शिक्षक र अभिभावकको भनाइ छ। टाढाटाढाबाट विद्यार्थी आउनुपर्ने हुँदा चिसो समयमा साढे ३ बजे स्कुल बन्द गरिने गरिएको छ। भूकम्पले स्कुल भत्किएपछि अस्थायी टहरोमा पढाउन धेरै समस्या हुने गरेको शिक्षकहरू बताउँछन्।

५ सय विद्यार्थी रहेको हलेश्वर उच्च माविमा खानेपानी, शौचालयदेखि खेल मैदानको समेत अभाव रहेका छ। त्यसमा पनि विद्यार्थी अझै भूकम्पको त्रासबाट बाहिर निस्कन सकिरहेका छैनन्। दोलखाको सुनखानीलाई केन्द्रबिन्दु बनाएर गएको गत २९ वैशाखको भूकम्पका कारण सुरीका अधिकांश बालबालिकामा मानसिक समस्यासमेत देखिएको छ। सो दिनको दोस्रो धक्का सुरी र झ्याँकु गाविसको सिमानामा केन्द्रबिन्दु बनाएर गएको थियो। सोही आधारमा सो विद्यालयलाई लुथरन वर्ल्ड फेडेरेसन (एलडब्लूएफ) र मानव अधिकार सचेतन तथा विकास केन्द्र (हुराडेक) नेपालको सहयोगमा विभिन्न शैक्षिक र मनोरञ्जनात्मक सामग्रीसहित मनो सामाजिक कार्य गरिएको छ।

त्यसो त सुरीवासीले राज्यको तर्फबाट सुरीवासीले पर्याप्त राहत पाउन नसकेको गुनासो गरेका छन्। सुरी-४ का रमेश तामाङ आफूहरूलाई अहिले पनि निकै समस्या झेल्नुपरेको बताउँछन्। भूकम्पले घरबारविहीन भएका उनीसँग यतिबेला बस्ने बाससँगै खाने गाँस पनि छैन। सरकारले दिएको १५ हजार रुपैयाँ विभिन्न संघ/संस्थाले दिएको राहतले जसोतसो गुजारा चलाइरहेको उनको भनाइ छ। तर, चिसोले ज्यान नै लैजाला कि भन्ने त्रासमा छन् उनीहरू यतिबेला।

दोलखाकै खारे गाविसमा पनि यस्तै समस्या छ। खारे-४ कसेरीका रामबाबु खत्रीलाई समेत कसरी चिसो कटाउने भन्ने चिन्ताले रातमा निद्रासमेत लाग्न छाडेको छ। अस्थायी टहरा बनाएर बसेका उनी राजधानीकर्मी स्थलगत अध्ययनमा पुग्दा धमाधम भूकम्पले भत्काएको घरको ढुंगा, माटो पन्छाएर बचेका सामान निकाल्दै थिए। घर बनाउन आर्थिक अभाव छ, कहाँ बास बस्ने भन्ने चिन्ताले सताएको छ उनलाई। खत्रीजस्तै जिल्लाका अधिकांश बासिन्दा ओत लाग्ने ठाउँको खोजीमा छन्। धान, कोदो भित्र्याएर फुर्सदमा रहेका जिल्लाका भूकम्पपीडित घर बनाउन आतुर छन्। जस्तापाताबाट निर्मित अस्थायी टहरामा बस्दै आएका उनीहरूलाई चिसोले सताएपछि छटपटी भएको छ। जस्ताको छानो भएको टहरामा धेरै चिसो हुन्छ, ढुंगा माटोको घरमा न्यानो हुन्थ्यो,' खत्रीले भने। भूकम्पले घर भत्काएको नौ महिना बित्दासम्म पीडित सरकारले उपलब्ध गराउने भनिएको राहत रकम कुरेर बसिरहेका छन्। सुरी, खारेलगायत सबै दोलखावासी घर बनाउने डिजाइन र भौगोलिक परीक्षण प्रतिवेदनको पनि पर्खाइमा छन्।

## सहमति...

मोर्चासँगको वार्ताअघि शनिबार नै बसेको प्रमुख तिन दलको बैठकले मंगलबार (५ माघ) भित्रै संविधान संशोधनसहित प्याकेजमा सबै विषय टुंग्याउने गरी पाँचबुँदे प्रस्ताव अघि सारेको थियो। प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठक सीमांकनबारे निर्णय गर्ने, राजनीतिक संयन्त्र बनाउने र तिन महिनाभित्र निर्णय गर्ने तिन दलको प्रस्तावमा मधेसी मोर्चा सकरात्मक देखिए पनि राजनीतिक संयन्त्रको कार्यादेश (टीओआर) का विषयमा भने तिन दल र मोर्चाबिच कुरा मिल्न बाँकी छ। आइतबार पुनः बैठक बसेर कार्यक्षेत्रको पनि अन्तिम टुंगो लगाउन तिन दल र मोर्चा सहमत छन्। सो कार्यका लागि आइतबार २ बजे कार्यदलको बैठक तय गरिएको छ।

# गाउँ बनाउँदै भूकम्पपीडित



दिनेश थापा/राजधानी
सिन्धुपाल्चोक, २ माघ

कालिका-९ की प्रेमकुमारी पहरीको हातमा नगद १५ हजार रुपैयाँ छ। आफ्नै घरमा बसेर उनले ४० दिनको अवधिमा यो रकम पाएपछि उनी खुसी भएकी हुन्।

हातमा नगद अनि आफ्नो घरसम्म जाने बाटो पनि सफा भएपछि उनी खुसी मात्रै होइन, यो पैसाले केही उद्यम गर्ने योजनामा छिन्। भूकम्पपछि अभाव र समस्यामा रहेकी पहरी आफ्नै घरको काम गरेर नगद आएपछि उनमा 'अझै केही काम गरूँ' भन्ने सोच पलाएको छ।

कालिका गाविसकै कक्षा १२ मा अध्ययनरत सुष्मा पहरी पनि बिहान प्लस टुको पढाइपछि आफ्नै घरछेउको बाटो सफा गर्न खटिइन्। उनी पनि प्रेमकुमारीले जस्तै हजारहजारका १५ ओटा नोट पाएपछि मख्ख छिन्।

कालिका गाविसको पुरानकोटस्थित एउटा चौतारी सबैको मिलनबिन्दु गराउने ठाउँ भएको छ। मर्मतसम्भार गर्न नसक्दा चौतारी चौतारी जस्तै थिएन तर अहिले कामका लागि नगद कार्यक्रम आएपछि स्थानीय सबैको सहयोगमा त्यो चौतारी चिटिक्क भएको छ। अनि सबैले आराम गर्ने ठाउँ पाएका छन्।

यतिबेला कालिकाका स्थानीय मात्रै होइन ठोकर्पा, सुनखानी, अत्तरपुर, यमुनाडाँडा, थकनी बाँडेगाउँलगायतका १३ गाविसवासीले घरमै बसेर १५ हजार रुपैयाँ कमाएका छन् भने आफ्नो घर गाउँमा जाने सडक र बाटो पनि सफा बनाएका छन्। गाउँको सडक सफा गर्न जिविस, गाविस वा अन्य विकासे संस्थाको मुख ताक्ने बानीमा परिर्वतन भएको छ र त उनीहरू थोरै पारिश्रमीक लिएर आफ्नो गाउँको विकासमा लागेका छन्।

भूकम्पपछि गाउँगाउँमा खनिएको कच्ची सडक काम नलाग्ने गरी बिग्रिएपछि विश्व खाद्य कार्यक्रमको सहयोगमा एमडीआई नेपालको सहयोगमा जिल्लाका १३ गाविसमा ४० दिने नगद अनुदानको कार्यक्रम ल्याएपछि गाउँगाउँका सडक यतिबेला सफा भएका छन् भने यातयातका साधन समेत सञ्चालन गर्न सकिने अवस्थामा पुगेको छ।

ठोकर्पा गाविसको अधिकांश बजेट सडक निर्माणका लागि खर्चिने गरेको थियो। नगद अनुदान कार्यक्रमपछि गाउँका सबै सडक यातायातका साधन सञ्चालन गर्न सकिने गरी मर्मत र सफा भएपछि यो वर्ष गाविसले सडकमा रकम विनियोजन नगरी अन्य विकासका योजना अगाडी सार्ने गाविस सचिव रामबहादुर न्यौपानेले जानकारी दिए। हाम्रो गाविसको नौ ओटै वडामा रहेका पुराना सडकहरू सबै ममर्त भएका छन्। त्यसैले, यो वर्ष अरू विकासका काममा रकम विनियोजन गर्ने कि भनेर गाविसको सर्वदलीय संयन्त्रमा छलफल भइरहेको सचिव न्यौपानेले बताए।

इर्खु गाविसका शेरबहादुर ठकुरी यहाँका अगुवा हुन्। ठकुरी र मगर जातिको यो बस्ती भूकम्पपछि उजाड भएको थियो भने गाउँसम्म आउने सडक गाईवस्तु हिँडाउन सक्ने अवस्थामा पनि थिएन। 'भूकम्पपछि हामी गाडी लिएर आए पनि बाटो भत्केकाले हिँडेरै गएका थियौं तर अहिले बाटो यति राम्रो भएको छ' एमडीआई नेपालका कार्यक्रम अधिकृत राजन पराजुलीले भने, 'यहाँका स्थानीयको सक्रियतामा कामका लागि नगद अनुदान कार्यक्रम प्रभावकारी भएको छ।'

'६७ घरधुरी रहेको यो बस्तीका सबै काममा सक्रिय भए, काम गर्न सक्नेले सक्नेलाई सहयोग गरे,' स्थानीय अगुवा ठकुरीले भने, 'सबैको सहयोगले हाम्रो यो गाउँमा १२ लाख भित्रियो, पैसा पनि पाइयो, गाउँमा आउने बाटो पनि सफा भयो।' गाउँमा आउने बाटो मात्रै होइन, यतिबेला जिल्ला कृषि कार्यालयको र एमडीआईको सहयोगमा यहाँका भूकम्पपीडितहरूलाई तरकारीको बेर्ना वितरणका लागि नर्सरी पनि स्थापना गरिएको छ। गाउँका सबैको साझा पहलमा गोलभेंडा खेती गरिएको छ। 'माछा पालनका लागि पोखरी बनाइएको छ। भूकम्पपछि भग्नावशेष यहाँ सबै पन्छाएर सफा गरिएको छ नगरे केही हुन्न। गरे सबै हुने रहेछ,' यहाँको स्थानीयको सक्रियतापछि खुसी हुँदै एमडीआई नेपालका अध्यक्ष खोपनारयण श्रेष्ठले भने।

असहाय, एकल महिला र अपांगहरूले सडकमर्मत गर्न नसक्ने भएपछि उनीहरूका लागि भने कुखुरा वितरण गरिएको छ। विश्व खाद्य कार्यक्रम र एमडीआई नेपालले गाउँमा गरेको गतिविधिको अवलोकन गर्न गएको प्रमुख जिल्ला अधिकारी बलभद्र गिरी, प्रहरी प्रमुख विश्व अधिकारी, जिविसका कार्यक्रम अधिकृत राजुभाइ श्रेष्ठ, कृषि, पशुलगायतका सरकारी कार्यालयका प्रतिनिधिहरू पनि खुसी भएका थिए। विश्व खाद्यले जिल्लाका ५२ गाविसमा कामका लागि नगद र खाद्य सहयोग गरेको विश्व खाद्य कार्यक्रमकी चिजा भण्डारीले जानकारी दिइन्।

# भारतीय भन्सारले फर्कायो नेपाली ट्रक

रुद्र सुवेदी/राजधानी
नेपालगन्ज, २ माघ

भारतीय भन्सारले रुपैडिहा नाकाबाट भारततर्फ अदुवा लिएर गएको नेपाली ट्रक फर्काइदिएको छ।

भारतको प्लान्ट क्वारेन्टाइन कार्यालयबाट अनुमति लिई निकासीका लागि रुपैडिहास्थित भन्सार कार्यालय परिसरमा अदुवा बोकेर पुगेका ट्रकलाई प्रवेश आज्ञा दिनुको साटो भन्सार कार्यालयले नेपाल फर्काइदिएपछि किसान तथा व्यवसायी चिन्तित बनेका छन्। जडीबुटी व्यवसायी संघ नेपालका महासचिव टंकप्रसाद शर्माका अनुसार भारतले अदुवा निकासी गर्न अवरोध गरेकाले ट्रकहरू फर्काइएका हुन्। अलाम ट्रेडर्स नेपालगन्जले भारतको लखनउस्थित रानु ट्रेडिङ कम्पनीलाई पठाएको २६ टन अदुवा बोकेका २ ओटा ट्रक चार दिनसम्म भारतीय भन्सार कार्यालय रुपैडिहा परिसरमा रोकिएपछि नेपालगन्ज फर्काइएका हुन्।

सबै कानुनी प्रक्रिया पूरा गरी भन्सार कार्यालयमा पुऱ्याइएको अदुवाको निकासीमा भारतीय भन्सार कार्यालयले रोक लगाएपछि व्यवसायीहरू पनि चिन्तित छन्। रुपैडिया भन्सार कार्यालयले अदुवाको निकासीमा रोक लगाए पनि भैरहवा सुनौली नाकाबाट निर्वाध रूपमा अदुवाको निकासी हुँदै आएको छ। सुनौली र रुपैडिया भन्सार कार्यालय भारतको उत्तर प्रदेशमै पर्छन्।

'रुपैडिया नाकाले किन रोक्यो र भैरहवा नाकाले किन रोकेन भन्ने थाहा पाउन सकिएको छैन,' महासचिव शर्माले भने, 'रुपैडिया भन्सार कार्यालयमा तल्लो तहका र सुनौली भन्सार कार्यालयमा माथिल्लो तहका अधिकृतको दरबन्दी छ। यसमा समन्वयको खाँचो छ।' माथिल्लो तहमा राम्रोसँग समन्वय गरेर रुपैडिहा भन्सार कार्यालयले काम गर्न नसक्दा यस्ता समस्याहरू पटकपटक आउने गरेको गुनासो व्यवसायीहरूको छ।

नेपालगन्ज नाकाबाट बर्सेनि करिब वर्षमा १० हजार टन अदुवा निर्यात हुँदै आएको छ। गत वर्ष नेपालगन्ज भन्सारबाट ८ करोड ६३ लाख ६० हजार रुपैयाँको अदुवा भारत निकासी भएको थियो। मध्यपश्चिमका पहाडी जिल्लाका किसानहरूको प्रमुख आम्दानीको स्रोतका रूपमा रहेका अदुवाको निकासी रोकिँदा अदुवाको बजार मूल्यसमेत निकै घटेको छ।

२५ देखि ३० रुपैयाँ प्रतिकिलोमा बिक्री हुँदै आएको अदुवाको मूल्य भारतले निकासी रोकिदिएपछि करिब आधाले घटेको छ। किसानबाट खरिद गरी नेपालगन्ज ल्याइपुऱ्याएको अदुवालाई नेपालगन्जबाट भैरहवा हुँदै भारत निकासी गर्न ढुवानी खर्च प्रतिकिलो ३ देखि ५ रुपैयाँसम्म बढेको छ।






# अपहृत बालकको अवस्था अझै अज्ञात



**महोत्तरी/रास**- तिन दिनअघि अपहरणमा परेका जलेश्वर नगरपालिका-१२ मलिवाराका ११ वर्षीय निश्चल पाण्डे अझै फेला परेका छैनन्। पाण्डेलाई अज्ञात समूहले बिहीबार साँझ भिठामोड-जनकपुर सडकखण्डको भिठामोड बसपार्कबाट अपहरण गरेका थिए।

अलहेप्स इंग्लिस बोर्डिङ स्कुल जलेश्वरमा कक्षा ५ मा अध्ययनरत पाण्डे तिन दिनअघि अपहरणमा परेपछि उनको घरमा रुवावासी चलेको छ। छोरालाई अपहरणमुक्त गराइदिन नागरिक समाज, सञ्चारकर्मी र मानव अधिकारकर्मीलाई अपहृत पाण्डेका पिता नवीन पाण्डेले आग्रह गरेका छन्।

अपहृत बालकको खोजबिनका लागि प्रहरी परिचालन गरिएको र बालकको अपहरणमा संलग्नको आरोपमा तिन जनालाई पक्राउ गरिसकेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक जनक भटराईले बताए।

दुई सातामा जिल्लाका चार विद्यार्थीको अपहरण भएपछि जिल्लावासी त्रसित भएका छन्। अपहृतमध्ये भटौलिया-२ का आठ वर्षीय जिनेस भनिने चिरञ्जीवी महासेठको आइतबार राति अपहरणकारीले हत्या गरेका थिए भने गत १८ पुसमा अपहरणमा परेका महोत्तरी इटहर्वाकट्टी-५ भोलहीका राकेश ठाकुरका दुई छोरी १० वर्षीया हिमानी र सात वर्षकी आरती ठाकुरलाई इलाका प्रहरी कार्यालय बर्दिबासले धनुषाको महेन्द्रनगरस्थित औरही खोलाको किनारबाट शुक्रबार राति उद्धार गरिएको छ। गाउँनजिकैको आँपघारीबाट गत १८ पुसमा दुई अज्ञात व्यक्तिले आँखामा पट्टी बाँधेर उनीहरूलाई मोटरसाइकलमा लगेको हिमानीले प्रहरीलाई बताएकी छन्।

# यो वर्ष पनि समयमा पाठ्यपुस्तक नपाइने

राजधानी संवाददाता
वीरगन्ज, २ माघ

नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघका महासचिव नवनिधि पन्तले जनक शिक्षा केन्द्रका कर्मचारी युनियनको आन्तरिक स्वार्थका कारण यो वर्ष पनि विद्यार्थीहरूले समयमा नै पाठ्यपुस्तक नपाउने बताएका छन्। नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ पर्साको चौथो जिल्ला अधिवेशनका क्रममा शनिबार वीरगन्जमा महासचिव पन्तले यस्तो बताएका हुन्।

'स्वार्थका कारण जनक शिक्षाका कर्मचारी युनियनहरूले समयमा नै पुस्तक नछाप्दा आगामी शैक्षिक सत्रमा पनि मुलुकभरका विद्यार्थीले समयमा पाठ्यपुस्तक पाउने अवस्था छैन,' उनले भने, 'चालू शैक्षिक सत्रको अझैसम्म अप्सनल (ऐच्छिक) विषयका पाठ्पुस्तक धेरै विद्यार्थीको हातमा पुग्न सकेको छैन भने आगामी शैक्षिक शत्रका पाठ्यपुस्तक विद्यार्थीले




समयमा नै पाउँछन् भन्नु गलत हुन्छ।' बाहिरबाट हेर्दा अन्य समस्या बढी देखिए पनि आन्तरिक रूपमा जनक शिक्षाकै कर्मचारी युनियनको आपसी हानथापले थप ढिलो हुने उनले तर्क छ। यो वर्ष यसै पनि भूकम्पपछिको जोखिम र मधेस आन्दोलनका कारण सृजित समस्यालाई बाहिरी समस्या देखाउन सक्ने सम्भावनालाई कसैले नकार्न सक्दैन। तर, पाठ्यपुस्तक छपाइका लागि चाहिने सबै कागज जनक शिक्षा केन्द्रले पश्चिमका भन्सार नाकाबाट भित्र्याइसकेकाले अहिले देखि नै छपाइमा तदारुकता देखाए अभाव नहुने उनको भनाइ छ।

पाठ्यपुस्तक व्यवसायीहरू पनि आपसमा मिलेर व्यवसाय नगरेको उनले आरोप लगाए। उनले भने, 'हामी मिल्न सक्दैनौं। हामी हाम्रा फाइदाका लागि पनि एकताबद्ध हुनुपर्छ।'

कार्यक्रममा वीरगन्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष गोपाल केडियाले नेपालका हरेक उद्योगी व्यवसायी र देशलाई राजनीतिकर्मीले थला पारेको बताए। राजनीति स्वार्थका कारण मुलुकको आर्थिक अवस्था, उद्योगी, व्यवसायी र आमनागरिकको दैनिकी नराम्ररी बिग्रेकाले राजनीतिक दल र नेताहरूले आफ्नो स्वार्थभन्दा आमनागरिक र देशको स्वार्थमा बढी ध्यान दिनुपर्ने उनको सुझाव छ। पुस्तक व्यवसायीहरूको चौथो अधिवेशनमा विभिन्न व्यवसायीहरूलाई सम्मानित गरिएको छ।




## सम्पादकीय

# पुनर्निर्माणका चुनौती

**राष्ट्रिय भूकम्प दिवसको अवसर पारेर राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पुनर्निर्माण महाअभियान सुरु गरेको छ। भूकम्प गएको झन्डै दस महिनापछि ढिलो गरी पुनर्निर्माण महाअभियान सुरु हुनु भूकम्पपीडितका लागि विडम्बना हो। तर, ढिलै भए पनि पुनर्निर्माण महाअभियान शुभारम्भ सार्वजनिक गरिएको छ, यो खुसीको कुरा हो। राष्ट्रिय पुनर्निर्माण महाअभियान २ माघ अर्थात् शनिबारदेखि सुरु भए पनि वास्तविक पुनर्निर्माण भने २०७३ वैशाखदेखि मात्र सुरु हुनेछ। बाँकी अवधिमा संस्थागत संरचना निर्माण तथा ऐन,नियम र कानुनदेखि सबै तयारी पूरा गरेपछि प्राधिकरणले आगामी वैशाखदेखि सुरु गर्ने लक्ष्य राखेको छ। भूकम्पबाट क्षति भएका व्यक्तिगत आवासदेखि सामुदायिक, निजी क्षेत्रसम्मका पूर्वाधारको पुनःस्थापना र पुनर्निर्माण पाँच वर्षभित्र पूरा गर्ने लक्ष्य छ तर लक्ष्यप्राप्तिका लागि धेरै चुनौती र समस्या भने अझै बाँकी छन्।**

**पुनर्निर्माण प्रक्रिया पूरा गर्न झन्झटिलो छ। दाताहरूबाट प्रतिबद्धता भएको अनुदान प्राप्त गर्नेदेखि ऋण लिनेसम्ममा व्यक्तिगत, सामुदायिक र निजी क्षेत्रले पूरा गर्नुपर्ने प्रक्रियाहरू अन्य परियोजनाजस्तै झन्झटिलो हुने निश्चित छ। पुनर्निर्माण प्राधिकरण स्वयंले कार्यान्वयन गर्ने होइन, सहजीकरण र समन्वयका साथै यसका लागि कानुन, ऐन, योजना तथा कार्यक्रम बनाउने मात्रै हो, कार्यान्वयन त सम्बन्धित मन्त्रालयहरूले नै गर्ने हो। बाहिर जेजस्तो देखिए पनि प्राधिकरणप्रति अन्य मन्त्रालयका सचिव तथा कर्मचारीको सकारात्मक धारणा देखिँदैन किनकि लगानी बोर्ड स्थापना भएपछि सम्बन्धित मन्त्रालयका अधिकारीहरू नै त्यति खुसी थिएनन्। त्यो क्रम आजसम्म जारी छ। अर्को पुनर्निर्माण प्राधिकरणमा नियुक्त अधिकारीहरूले मन्त्री घुमाउने सचिवहरूलाई तह लगाएर काम गर्नुपर्ने अवस्था छ, यो पनि कठिन छ।**

**अर्को चुनौती पुनर्निर्माण ऐन निर्माण र प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत (सीईओ) को नियुक्तिको विषय नेपालमा आवश्यकताभन्दा ठूलो राजनीतिक मुद्दा बन्यो। प्रमुख राजनीतिक दलहरूले भूकम्पजस्तो पुनर्निर्माणका विषयमा आवश्यकताभन्दा बढी राजनीति गरे। यसैकारण पुनर्निर्माण प्राधिकरणमा राजनीति घुसिसकेको छ। सरकार परिवर्तन भइरहने नेपालमा कतै आवश्यकताभन्दा बढी राजनीति पुनर्निर्माण प्राधिकरणमा हुने त होइन ? भन्ने प्रशस्त आशंका गर्ने ठाउँ छन्। यसकारण यसको कार्यान्वयनमा सबैभन्दा ठूलो चुनौती राजनीतिकरणको पनि छ। अर्को, अहिले पनि भूकम्पपीडितको यकिन तथ्यांक आएको छैन। फरकफरक तथ्यांक बाहिर आएका छन् अनि गाउँस्तरमा राजनीतिक दलहरूको सहमतिमा धेरै 'गैरपीडित' नै पीडित बनेका घटना पनि सार्वजनिक भइरहेका छन्। 'तैं चुप मै चुप'को अवस्थामा यो विवाद सामान्य हो तर डिजिटल रूपमा भूकम्पपीडितको पहिचान सुरु गरेपछि यसले विवाद निम्त्याउने निश्चित छ। यसकारण, पुनर्निर्माणका चुनौती धेरै छन्। राजनीतिभन्दा माथि राखेर पुनर्निर्माणलाई साझा बनाउन सक्नुपर्छ तर त्यो भएको अवस्था छैन। राजनीतिक दलबिच पुनर्निर्माण गर्नुपर्छ भन्ने कुरामा साझा धारणा देखिए पनि नियुक्तिलगायतका विषयमा उनीहरूको चित्त बुझेको देखिँदैन। समग्रमा भन्दा पुनर्निर्माण अघि नबढाई सुख छैन। अझ पुनर्निर्माणलाई नयाँ नेपालको एउटा सशक्त अभियान बनाउनुपर्ने खाँचो छ तर चुनौतीका पहाड धेरै छन्। आवश्यक ऐन, कानुन निर्माणदेखि कार्यान्वयनसम्मका चुनौती छन्। तर, यसका लागि प्राधिकरण नेतृत्व सक्षम हुनैपर्छ।**

# श्रमिकका कोणबाट नयाँ संविधान



■ प्रेमलकुमार खनाल

मुलुकमा भएको युगान्तकारी परिवर्तनका उपलब्धिहरूलाई ३ असोज २०७२ मा जारी नेपालको संविधानमा संस्थागत गरिएपछि नेपाली जनता सार्वभौमसत्ता सम्पन्न भएका छन्। संविधानमा जनताका आधारभूत मानव अधिकारका विषयलाई मौलिक हकका रूपमा संस्थागत गरिएको छ। श्रमिकका कोणबाट नयाँ संविधानमा केकस्ता श्रमिकका अधिकार समावेश भएका छन् भन्ने बारेमा यस लेखमा विवेचना गर्ने कोसिस गरिएको छ।

मुलुकमा ६५ वर्ष लामो सामन्तवादविरोधी राजनीतिक आन्दोलनका क्रममा आन्दोलनका हरेक मोडमा श्रमिक कर्मचारीले ऐतिहासिक योगदान पुर्‍याएका छन्। २०६२/०६३ को लोकतान्त्रिक आन्दोलनका क्रममा त श्रमिक कर्मचारीले उद्योग कलकारखाना, होटल, बैंक, संस्थान, स्वास्थ्य सेवा र शिक्षण संस्थाका साथै सिंहदरबारमा रहेको केन्द्रीय सचिवालयमा समेत काम ठप्प गरी सडकमा उत्रिएर आन्दोलनलाई सफल बनाएको परिणामस्वरूप मुलुकमा निरंकुशतन्त्रको अन्त्य भई गणतन्त्र घोषणा भयो। आन्दोलनको सफलतासँगै मुलुकमा सामन्ती राज्यसत्ताको अन्त्य भई गणतन्त्र, धर्म निरपेक्षता, समावेशी लोकतन्त्र र संघीय राज्यको प्रणाली स्थापनाजस्ता महत्त्वपूर्ण उपलब्धि भएका छन्।

श्रमिकका कोणबाट नियाल्दा वर्तमान संविधान श्रमिकमुखी बन्न सकेको छैन। श्रमिक कर्मचारीले चुन्न, चुनिन र विधायिकालगायत नीतिनिर्माणको तहमा प्रतिनिधित्व गर्न पाउने र स्वदेशी तथा आप्रवासी नेपाली श्रमिकले कार्यस्थलबाट मतदान गर्न पाउने अधिकारका रूपमा राजनीतिक अधिकारका विषयलाई मागका रूपमा अघि सारेको भए पनि यी विषयलाई संविधानमा समावेश गरिएको छैन। संविधानको धारा ४५ (क) मा सामाजिक न्यायको हकअन्तर्गत सामाजिक रूपले पछाडि परेका लिंग, जाति, पिछडावर्गको अलावा श्रमिकवर्गलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने उल्लेख गरिएको छ। तर, राज्यको विधायिकाका रूपमा संविधानको धारा ८४ बमोजिम गठन हुने प्रतिनिधिसभाको पहिलो हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीमा श्रमिकवर्गका तर्फबाट प्रतिनिधित्व गराउने व्यवस्था गरिएको छैन। समानुपातिक निर्वाचन प्रणालीमा महिला, दलित, आदिवासी जनजाति, खस, आर्य, मधेसी, थारू, मुस्लिम र पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व गर्ने क्लस्टरमा श्रमिकवर्गलाई समावेश गरिएन। बुर्जुवा पुँजीपतिवर्गको नेतृत्व गर्ने राजनीतिक पार्टीबाट श्रमिकवर्गको अधिकारलाई सकेसम्म कटौती गर्ने नै नीति रहन्छ तर श्रमजीवीको अग्रदूतका रूपमा संविधानसभामा प्रतिनिधित्व गर्ने नेकपा एमालेलगायत वामपन्थी दलहरूबाट संविधान बनाइरहँदा श्रमिकवर्गको राजनीतिक अधिकारलाई सुनिश्चित गर्न बेवास्ता गर्नु आश्चर्यको विषय बनेको छ। यसरी हेर्दा श्रमिकवर्गको राजनीतिक अधिकार वर्तमान संविधानमा समावेश हुन सकेको छैन। ब्राजिल, जापान, रुस, दक्षिण अफ्रिका, दक्षिण कोरिया, स्पेन, पोर्टोरिका, स्विडेन, स्वीट्जरल्यान्ड, जर्मनी र फ्रान्सलगायत थुप्रै मुलुकको संविधानमा विधायिकामा श्रमिकवर्गको प्रतिनिधित्व गर्ने

**नेकपा एमालेले त नवौं राष्ट्रिय महाधिवेशनबाट राज्यका अंगमा श्रमिक वर्गको १० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्ने, श्रमिकका हकको संवैधानिक ग्यारेन्टी गर्ने, नीति निर्माणको तहमा श्रमिकवर्गको प्रतिनिधित्व गर्ने र विगतमा गरिएको सहमतिको परिपालना गर्ने नीतिगत प्रतिबद्धतासहित प्रस्ताव पारित गरेको थियो। तर, अहिले संविधान बनाइरहँदा श्रमिकका उल्लिखित एजेन्डा समावेश हुन नसकेकामा श्रमिकका एजेन्डालाई नेतृत्वले गम्भीर रूपमा ध्यान नदिएको भन्ने विषयमा सर्वत्र टिप्पणी भएको छ।**

विषय संवैधानिक रूपमा ग्यारेन्टी गरिएको छ। इटालीको संविधानमा त श्रमिक र किसानवर्गका तर्फबाट पचास प्रतिशत संख्यामा संसद्मा प्रतिनिधित्व हुने व्यवस्था छ। तर, नेपालमा वर्तमान संविधानको धारा ८७ (ङ) मा श्रमिकवर्गले सेवामा बहाल रहँदा संसदीय निर्वाचनमा समेत उम्मेदवार हुन नपाउने गरी प्रतिबन्धात्मक व्यवस्था गरिएको छ।

राणाकालमा वि. सं. २००४ मा बनेको नेपालको वैधानिक कानुनमा राष्ट्रियसभामा मजदुरवर्गका तर्फबाट दुईजना प्रतिनिधि रहने व्यवस्था थियो। यस्तै, नेपालको संविधान, २०१९ मा पनि मजदुरवर्गका तर्फबाट विधायिकामा दुईजनाको प्रतिनिधित्व हुने व्यवस्था थियो तर यत्रो युगान्तकारी परिवर्तनपश्चात् बनेको संविधानमा श्रमिकवर्गको प्रतिनिधित्वलाई बेवास्ता गरिँदा वर्तमान संविधान श्रमिकको राजनीतिक अधिकारका दृष्टिकोणबाट अग्रगामी बन्न सकेको देखिँदैन।

श्रम न्यायलाई छिटो छरितो बनाउन विगत लामो समयदेखि श्रमिकहरूले अर्धन्यायिक संवैधानिक अंगका रूपमा श्रम आयोग गठनको मागलाई अघि सारेका थिए। अन्तरिम संविधानको धारा १५४ मा पनि राष्ट्रिय मजदुर आयोग गठन गर्ने उल्लेख भए पनि नौ वर्षको अवधिमा पनि आयोग गठन गर्न तत्परता देखाइएन। अहिले संविधानमा १३ ओटा संवैधानिक आयोग गठन हुने व्यवस्था गरियो तर श्रमिक आयोग गठनको मागलाई बेवास्ता गरियो।

संविधानको धारा ३४ मा मौलिक हकअन्तर्गत श्रमको हक उल्लेख गरिएको छ। श्रमिकहरूले उठाउँदै आएको ट्रेड युनियन अधिकार र सामाजिक सुरक्षासम्बन्धी मागलाई यस धारामा सम्बोधन गर्ने प्रयत्न गरिएको छ, जसअन्तर्गत प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने, प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक भई प्रत्येक श्रमिकलाई कानुनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ। श्रमिकको आधारभूत ट्रेड युनियन अधिकारअन्तर्गत ट्रेड युनियन खोल्ने, सामूहिक सौदाबाजी गर्ने र माग पूरा नभएमा कानुनसम्मत हडताल गर्न पाउने अधिकारसमेत पर्छ। तर, वर्तमान संविधानमा हडताल गर्न पाउने मौलिक हकलाई समावेश गरिएको छैन जब कि पहिलो प्रतिनिधिसभामा श्रमिकको आधारभूत मौलिक अधिकारका रूपमा रहेको हडताल गर्न पाउने अधिकारलाई मौलिक हकका रूपमा समावेश गर्ने सैद्धान्तिक सहमति भई मस्यौदामा समावेश भइसकेको विषयलाई पनि अहिलेको संविधानमा समावेश गरिएको छैन। श्रमिकको आधारभूत ट्रेड युनियन अधिकारका रूपमा रहेको हडताल गर्न पाउने अधिकारलाई मौलिक हकका रूपमा ब्राजिल, इटाली, रुस, दक्षिण अफ्रिका, स्पेन, पोर्टोरिकालगायतका देशमा संविधानमा व्यवस्था गरिएको छ।

यस्तै, अन्तरिम संविधानले समस्त श्रमिक कामदार कर्मचारीले श्रमको हक उपयोग गर्न पाउने गरी श्रमिक शब्दको परिभाषा गरेकामा वर्तमान संविधानमा 'कर्मचारी' शब्द हटाई 'श्रमिक भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदुर शब्द सम्झनुपर्छ,' भनी उल्लेख गरिएको छ। यसबाट सार्वजनिक क्षेत्रका कर्मचारीको अधिकारका सम्बन्धमा संकुचित हुन खोजेको आभास हुन्छ।

संविधानमा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वअन्तर्गत श्रम र रोजगारसम्बन्धी नीतिमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्ने, मर्यादित श्रमको अवधारणाअनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने, बालश्रमलगायत श्रम शोषणमा सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रमलगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने र व्यवस्थापनमा श्रमिकको सहभागितालाई प्रोत्साहन गर्ने उल्लेख गरिएको छ। उल्लिखित नीतिहरू राज्यका लागि बाध्यकारी नभएर मार्गदर्शकका रूपमा मात्र रहने हुँदा श्रम शोषणको चर्को मार बेहोरिरहेका श्रमिकका लागि 'आकाशको फल, आँखा तरी मर' भनेझैँ भएको छ।

मुलुकमा राजनीतिक परिवर्तनका लागि भएका हरेक आन्दोलनमा श्रमिकवर्गले योगदान पुर्‍याएका छन्। तर, युगान्तकारी परिवर्तनको उपलब्धिलाई संस्थागत गर्ने संविधान बनिरहँदा श्रमिक वर्गले उठाउँदै आएका राजनीतिक अधिकार, ट्रेड युनियन अधिकार र श्रम न्यायलाई सम्बोधन गर्ने राष्ट्रिय श्रम आयोग गठनको मागलाई बेवास्ता गरिएको छ। नेकपा एमालेलगायत मुख्य राजनीतिक दलहरूकै आह्वानमा भएको जनआन्दोलनमा सहयात्री बनेका श्रमिकवर्गको मागलाई संविधान बनाउँदा बेवास्ता गरिँदा राजनीतिक दलका नेताहरूले श्रमिकवर्गलाई 'खोलो तर्‍यो, लौरो बिर्सियो' भनेझैँ गरी व्यवहार गरेका छन्। नेकपा एमालेले त नवौं राष्ट्रिय महाधिवेशनबाट राज्यका अंगमा श्रमिकवर्गको १० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्ने, श्रमिकका हकको संवैधानिक ग्यारेन्टी गर्ने, नीति निर्माणको तहमा श्रमिकवर्गको प्रतिनिधित्व गर्ने र विगतमा गरिएको सहमतिको परिपालना गर्ने नीतिगत प्रतिबद्धतासहित प्रस्ताव पारित गरेको थियो। तर, अहिले संविधान बनाइरहँदा श्रमिकका उल्लिखित एजेन्डा समावेश हुन नसकेकामा श्रमिकका एजेन्डालाई नेतृत्वले गम्भीर रूपमा ध्यान नदिएको भन्ने विषयमा सर्वत्र टिप्पणी भएको छ।

संविधानको मस्यौदा सार्वजनिक भएपछि महिला, दलित, मुस्लिम र आदिवासी समुदायबाट आफ्नो अधिकारलाई संविधानमा सुनिश्चित गराउन शान्तिपूर्ण तवरले आन्दोलनको कार्यक्रममार्फत राजनीतिक दलहरूको ध्यानाकर्षण गराएर उनीहरूका एजेन्डा संविधानमा सम्बोधन पनि भएको छ। तर, श्रमिकवर्गको प्रतिनिधिमूलक ट्रेड युनियन केन्द्रले श्रमिकका एजेन्डालाई केवल ध्यानाकर्षण पत्र बुझाउने काम गर्‍यो। श्रमिकवर्गको नेतृत्वले श्रमिकका एजेन्डालाई संविधानमा सुनिश्चित गराउन गम्भीरतापूर्वक पहलकदमी गरेको भए सैद्धान्तिक, वैचारिक रूपमा सहमति भइसकेका श्रमिकका एजेन्डा संविधानमा समावेश हुने थिए र संविधान श्रमिकमैत्री बन्ने अवश्यम्भावी थियो।

संविधान गतिशील दस्तावेज हो। समुदायका मागलाई सम्बोधन गर्नका लागि संविधान संशोधनको प्रक्रिया अघि बढेको छ। श्रमिकवर्गले पनि योजनाबद्ध रूपमा छुटेका एजेन्डालाई संविधानमा समावेश गराउन पहलकदमी गर्न सके वर्तमान संविधान श्रमिकमैत्री बन्ने विश्वास लिन सकिन्छ।

# दिगो ऊर्जा व्यवस्थापनको खाँचो



■ रघुराम पराजुली

नाकाबन्दीको दीर्घकालीन समाधान नहुने हो भने यसले पारेका असरहरू मानव जनजीविकामा मात्र सीमित नरहेर दीर्घकालमा वातावरणीय क्षेत्रमा समेत पर्न सक्छ। डिजेल, पेट्रोल तथा ग्याँसजस्ता इन्धनको अभावबाट सिर्जित विविध समस्याले जनजीवन अत्यन्त कष्टकर र संवेदनशील बन्दै गइरहेको छ। कलकारखाना, उद्योगधन्दा, यातायातका साधन, बिजुलीजन्य मेसिनरी तथा उपकरण सबैका लागि ऊर्जा अत्यावश्यक हुन्छ। ऊर्जा विशेषगरी नवीकरणीय र अनवीकरणीय गरी दुई किसिमको हुन्छ। नवीकरणनीय ऊर्जा पुनः प्राप्त गर्न सकिन्छ भने अनवीकरणीय ऊर्जाको पुनःप्राप्ति सम्भव हुँदैन या सम्भव भयो भने पनि सयौं वर्ष लाग्न सक्छ। तसर्थ, अनवीकरणीय ऊर्जाको प्रयोग सकेसम्म न्यून गर्ने र नवीकरणीय ऊर्जाको उत्पादन र सदुपयोगमा जोड दिँदै दिगो ऊर्जा व्यवस्थापनमा ध्यान दिनु अहिलेको आवश्यकता हो।

अनवीकरणीय ऊर्जाको बढी दोहनले एकातर्फ ऊर्जाको स्टक रित्तिँदै जाने र अर्कोतर्फ कार्वनलगायतका हरितगृह ग्याँसको उत्सर्जनमा वृद्धि भइरहेको हुन्छ। यसका कारण विश्व तापमान वृद्धि हुँदै गइरहेको छ। विशेषगरी नेपालजस्ता विकासमा पछाडि परेका र कार्वन उत्सर्जनमा न्यून भूमिका रहेका मुलुक बढी मर्कामा पर्छन्। पेरिसमा सम्पन्न कोप २१ मा हरितगृह ग्याँस उत्सर्जन कटौती गर्ने, तापमान वृद्धि २ डिग्री सेल्सियसभन्दा तल झार्ने तथा जलवायु अनुकूलनका लागि सहकार्य र वित्तीय प्रवाह गर्ने मुख्य सम्झौता भएका छन्। मधेस आन्दोलन र भारतीय नाकाबन्दीका कारण ३ खर्ब रुपैयाँभन्दा बढी क्षति भएको, ४ लाखभन्दा बढी मजदुर बेरोजगार भएका र २२ हजारभन्दा बढी उद्योग बन्द भएका छन्।

लाखौं विद्यार्थीको पठनपाठन बिचल्ली भएको छ भने लाखौं मानिस अभाव र महँगीले थिचिएका छन्। भूकम्पले गराएको क्षतिको पुनर्निर्माण तथा नवनिर्माण गर्नका लागि पनि वनजन्य स्रोतहरूको अत्यधिक माग छ। मधेस आन्दोलन तथा नाकाबन्दीका कारण अन्य इन्धनको स्थान पनि दाउराले लिने क्रम बढिरहेकाले वन क्षेत्रमा ठूलो प्रहार हुने सम्भावना छ। नेपालको ऊर्जाको सम्भाव्यता उत्खनन्मा भरपुर प्रयास हुन नसक्नु र सबैखाले ऊर्जामा परनिर्भर रहनाको परिणति आज भोग्नुपरिरहेको छ।

डिजेल, पेट्रोलको उपयोगमा कमी ल्याउन विद्युतीय रेल एवं विद्युतीय गाडीहरूमा व्यापकता दिन सकिन्छ। व्यापक रूपमा जलविद्युत् उत्पादन गर्न सकेमा अहिले भइरहेको लोडसेडिङ कम भई ग्याँसको ठाउँ विद्युत्ले लिँदै जानेछ।

हाम्रो परनिर्भरता पनि कम हुँदै जानेछ। त्यसैगरी, उपयुक्त सुरक्षा तथा लगानीको वातावरण बनाउन सक्ने हो भने विदेशी लगानी स्वतःस्फूर्त रूपमा ओइरिनेछ। तर, यसका लागि बृहत् सोच, सही योजना, ठोस कार्यक्रम र प्रभावकारी कार्यान्वयन तथा उत्साहजनक सहभागिता हुनु जरुरी छ। यहाँका जल, जमिन, जंगल र जलवायु विश्वकै लागि उदाहरणीय छन्। यिनै स्रोतको महत्त्वपूर्ण रूपमा सदुपयोग गर्न सक्दा मात्र मुलुक विकासोन्मुख मुलुकको सूचीबाट विकासशील हुँदै विकसित राष्ट्रको सूचीमा पर्न सक्छ। अहिलेको जस्तो दैनिक लोडसेडिङको मार, ग्याँस तथा इन्धनको हाहाकार, बन्द, हड्ताल तथा नाकाबन्दी झेल्नुपर्ने अवस्था त्यसपछि नआउला। नेपालमा ग्याँस र इन्धनजस्ता वस्तुहरूको उपयोगमा सकेसम्म मीतव्ययीता अपनाउने खालका कार्यक्रम सञ्चालन गर्ने, सञ्चालनमा रहेका जलविद्युत् परियोजनाको काम शीघ्र सम्पन्न गरी ग्याँस इन्धनको सट्टा जलविद्युत् तथा सौर्य ऊर्जा र बायो ऊर्जा प्रयोगमा बढावा दिने, नेपालको भारत र चीनसँगको आपसी सम्बन्ध तथा सन्धिसम्झौताको पुनरावलोकन

**व्यापक रूपमा जलविद्युत् उत्पादन गर्न सकेमा अहिले भइरहेको लोडसेडिङ हट्ने छ र ग्याँसको ठाउँ विद्युत्ले लिँदै जानेछ भने हाम्रो परनिर्भरता पनि कम हुँदै जानेछ। त्यसैगरी, उपयुक्त सुरक्षा तथा लगानीको वातावरण बनाउन सक्ने हो भने विदेशी लगानी स्वतःस्फूर्त रूपमा ओइरिनेछ। तर, यसका लागि बृहत् सोच, सही योजना, ठोस कार्यक्रम र प्रभावकारी कार्यान्वयन तथा उत्साहजनक सहभागिता हुनु जरुरी छ।**

गर्ने, नभई हुने खालका ऊर्जाहरूको भण्डारण क्षमतामा व्यापक विस्तार गर्नेतर्फ ध्यान दिनु जरुरी छ।

जलविद्युत् नेपालका लागि ऊर्जाको भरपर्दो तथा सम्भाव्य स्रोत हो। विद्यमान ऊर्जा संकट समाधान गर्न एकातिर प्रभावकारी अल्पकालीन कार्यक्रम तय गरी कार्यान्वयन गर्नु आवश्यक छ भने अर्कोतिर ऊर्जा माग र आपूर्तिबीच निरन्तर सन्तुलन कायम गर्न समयबद्ध रूपमा न्यून लागतका आयोजनाहरू सम्पन्न गर्नुपर्ने हुन्छ। आयोजनाहरू निर्धारित समयमा सम्पन्न हुन नसक्नाले आयोजनाको लागत बढ्दै गइरहेको छ। नेपालले विश्व व्यापार संगठन, जैविक विविधता, महासन्धि, दिगो विकास, जलवायु परिवर्तनका असर न्यूनीकरण, सुशासन, लैंगिक समानता, सबैका लागि दिगो ऊर्जाको अवधारणालगायतका विभिन्न अन्तर राष्ट्रियस्तरका सन्धिसम्झौतामा प्रतिबद्धता जनाएको छ। तसर्थ, विकास निर्माणका कार्यहरू गर्दा हाम्रा प्रतिबद्धतालाई पनि मध्यनजर गर्नुपर्ने भएकाले हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्दै नवीकरणीय ऊर्जा विकासमार्फत स्थानीय आवश्यकता र वातावरण सन्तुलन कायम गराउनमा कार्यक्रमहरू केन्द्रित हुनु आवश्यक छ।

वायो ऊर्जाका स्रोतहरूको उपयोग, जस्तै : गोबर ग्याँस प्लान्ट, वायु ऊर्जा, सौर्य ऊर्जा र जलविद्युत् ऊर्जामा बढी भन्दा बढी ध्यान दिँदै क्रमशः अनवीकरणीय ऊर्जाहरू विस्थापन गर्दै जानु आवश्यक छ। त्यसैगरी, इन्धनको प्रयोगमा कमी ल्याउन मोटरसाइकलको स्थान विद्युतीय साइकल र साधारण साइकल, ट्याम्पु, ट्याक्सीको स्थान अटोरिक्साले लिनुपर्छ। यसरी, विस्थापित हुनुपर्छ भन्नुभन्दा पनि आफ से आफ सुधार हुँदै पनि जाने हुन्छ। नेपालको तराई-मधेस क्षेत्रमा भएका बन्द, हड्ताल तथा नाकाबन्दीलगायतका कारण अहिले तराईका सहर तथा टोलटोलमा अटोरिक्साको बाक्लै प्रयोग भएको देखिन्छ। वातावरणमैत्री पनि हुने र ऊर्जा संकट समाधानमा पनि योगदान गर्न सकिने भएकाले नेपालले वास्तवमा अहिले भए गरेका नाकाबन्दीलगायतका गतिविधिहरू तत्कालका लागि निकै ठूलो समस्या हुँदाहुँदै पनि आत्मनिर्भर हुनेतर्फ र नवीकरणीय ऊर्जा उत्पादन तथा उपयोगमा ध्यान दिनेतर्फ बढी आकृष्ट हुनेमा दुई मत रहन सक्तैन।

ठूलाठूला जलविद्युत् आयोजनाहरू सञ्चालन गर्नुपर्छ। विषय लगानीको हुन सक्छ तर यसलाई पनि आमसर्वसाधारणमा सेयर लगानीका लागि आह्वान गर्न सकिन्छ। जुन कुरा पछिल्लो समयमा रिडी हाइड्रो, अपी हाइड्रो, माथिल्लो तामाकोसी र जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेडले गरेको सेयर आह्वानमाथि परेको लगानी चापबाटै सर्वसाधारणको लगानी इच्छा के कति छ भन्ने कुरा स्पष्ट हुन्छ। लगानी क्षमता भित्र्याउन व्यापक प्रचारप्रसारको जरुरत पर्छ र लगानी सुरक्षण पनि उत्तिकै महत्त्वपूर्ण छ।

नेपालका अधिकांश ग्रामीण बस्ती छरिएर रहेकाले राष्ट्रिय विद्युत् प्रसारण लाइन पुर्‍याउन कठिन भएका क्षेत्रमा वैकल्पिक तथा नवीकरणीय ऊर्जाको विकास र प्रवर्द्धन गरी सेवा पुर्‍याउनु आवश्यक देखिन्छ। भूकम्पले पुर्‍याएका क्षतिहरूको पुनर्निर्माण तथा नवनिर्माण गर्दा पनि वैकल्पिक तथा नवीकरणीय ऊर्जाको उपयोगमा ध्यान दिनुपर्छ। वन जोगाएर वातावरणमैत्री मुलुकका रूपमा परिचित नेपालले वन क्षेत्रको बढोत्तरी गराइरहनु निकै चुनौतीपूर्ण छ।

वन क्षेत्रमा पर्न जाने चौतर्फी दबाब र अतिक्रमण नै मुख्य चुनौती हो। त्यस्तै, वन क्षेत्रको अत्यधिक दोहन अर्को चुनौती हो। दाउरा बाल्दा कार्वन मोनोअक्साइड तथा कार्वन डाईअक्साइडजस्ता हरितगृह ग्याँस उत्सर्जन हुन्छन्। यसका कारण जलवायु परिवर्तनका असरहरू बढ्छन्। हामीले जति सक्छौं, बिजुलीको प्रयोगमा जोड दिनु जरुरी छ। अहिलेकै हालतमा जलविद्युत् पनि निकै अपर्याप्त भएको हुनाले सरकार, निजी तथा सार्वजनिक क्षेत्र सबैतिर सबैले वैकल्पिक ऊर्जाको उपयोग र खोजीनीतिमा बढी ध्यान केन्द्रित गर्नु आवश्यक छ। यसो हुन सकेमा अहिलेको जस्तो डिजेल, पेट्रोल, मट्टीतेल तथा ग्याँस इन्धनको हाहाकार झेल्नुपर्ने थिएन।

# जाडोमा आहारविहार



■ ओम बानियाँ

स्वास्थ्य समस्या नै जीवनको सबैभन्दा ठूलो समस्या हो। मानिसको शान्ति, आनन्द र खुसी, उसको आचारविचार, जनसम्पर्क तथा जीवनको उपलब्धिजस्ता सबै कुरा तथा मानिसको जीवन स्वयं नै स्वास्थ्यमा निर्भर रहन्छ। त्यसैले, मानिसको जीवनमा स्वास्थ्यको ठूलो महत्त्व छ।

मानिसले उचित आहारविहार (लाइफ स्टायल) बाट नै पूर्ण स्वास्थ्य प्राप्त गर्न सक्छ। वास्तवमा निरोगी शरीरका लागि आहारको ज्यादै ठूलो महत्त्व छ। तर, आहारको अर्थ व्यापक छ। मुख र जिब्रोले लिने खाद्य पदार्थलाई मात्र आहार मान्नु हुँदैन।

आहारको अर्थ हुन्छ, बाहिरको चिज शरीरभित्र लिनु। जेसुकै कुरा पनि हामीले बाहिरबाट भित्र लिन्छौं भने त्यो आहार हो। भोजन आहार हो जसलाई हामीले मुख र जिब्रोद्वारा भित्र लिन्छौं तर आँखाद्वारा पनि हामीले बाहिरका दृश्यहरू भित्र लिन्छौं। दृश्य पनि आहार नै हो। कानले लिने आवाज, छालाले लिने स्पर्श तथा मनले सीधै ग्रहण गर्ने विचार र कल्पना पनि आहार नै हो।

**जाडो मौसममा आहारअनुसारको विहार अर्थात् रहनसहन बहुतै महत्त्वपूर्ण हुन्छ। त्यसैले, जाडो मौसममा गर्ने योग्य विहार गर्नुपर्छ। यदि, गर्न योग्य विहार नगर्ने तथा गर्न अयोग्य विहार गर्ने हो भने शरीरलाई हानि गर्छ तथा रोग पैदा हुन्छ।**

त्यसैले त भनिन्छ, 'जस्तो खान्छौं, उस्तै हुन्छौं,' त्यसैले आहारविहारको यो महत्त्वलाई हृदयंगम गर्दै आरोग्य जीवनका लागि निम्नलिखित चार कुरामा विशेष ध्यान दिनु अनिवार्य छ। ती हुन् : सन्तुलित भोजन, शुभाचरण, निद्रा-विश्राम र शुभविचार। अतः मौसमअनुसार मानिसले आफ्नो आहारविहारमा ध्यान दिने हो भने निश्चित रूपमा रोगहरूबाट बच्न सकिन्छ, शरीरलाई निरोगी र बलवान् राख्न सकिन्छ।

**जाडो मौसमको आहार**

आयुर्वेदका अनुसार जाडो मौसममा जठराग्नि तीव्र हुन्छ जसले गर्दा पाचन शक्ति प्रबल रहन्छ। अर्थात् जाडो मौसममा खाए/पिएको आहार राम्रोसँग पच्छ। त्यसैले, जाडो मौसमको सही तथा पूरा सदुपयोग गर्नका लागि पौष्टिक, बलबर्द्धक तथा गुणबर्द्धक पदार्थहरू सेवन गर्नुपर्छ। जस्तो कि, शुद्ध घिउबाट बनेका पदार्थ, मुगको दालको हलवा, मासको खीर, शुद्ध घिउको जेरी र दूध। मौसमी फलफूल, कागजी बदाम, ओख्खर, किसमिस, छोकडा, मुम्फली, अमला तथा सुत्ने बेलामा गोल्डेन मिल्क।

बिहानको नास्तामा राति भिजाएर राखेको एक मुठी चना, सकिन्छ भने राति नै भिजाएर राखेको १०-१५ दाना किसमिस तथा २-४ वटा छोकडा तथा कागजी बदाम खुबसँग चपाएर खानु राम्रो हुन्छ। स्वादका लागि चनामा अलिकति पिसेको सिदे नुन, मरिचको धुलो तथा कागतीको रस मिसाउन सकिन्छ। अझ अंकुरित गेडागुडीको भोजन 'अमृत भोजन' नास्ताका रूपमा सेवन गर्नु सर्वोत्तम हुन्छ।

**अमृत भोजन**

अमृत भोजन भनेको नमरेको भोजन हो। यस्तो भोजनमा भरपुर प्राणशक्ति हुन्छ। त्यसैले, यो पौष्टिक तथा बलबर्द्धक हुन्छ। बिहानी नास्ताका लागि अमृत भोजनमा चना : १५ ग्राम, गहुँ : १५ ग्राम, मुँग : १० ग्राम, मुम्फली : १० ग्राम, मेथी : १० ग्राम, तिल : ५ ग्राम अंकुरित गेडागुडीलाई लिन सकिन्छ।

उपर्युक्त अंकुरित गेडागुडीमा प्याज, टमाटर, पालकको पत्ता, हरियो धनियाँ, पत्ता गोभी, गाँजर इत्यादिका स-साना टुक्रा काटेर मिसाउन सकिन्छ। स्वादका लागि अलिकति पिसेको सिदे नुन, अदुवा, मरिचको धुलो तथा कागतीका रस मिसाउन सकिन्छ। यो अमृत भोजनलाई खुब राम्रोसँग चपाएर खानुपर्छ। जाडो मौसममा मात्र होइन, अन्य मौसममा पनि अमृत भोजन सेवन गर्न सकिन्छ।

**गोल्डन मेमोरी मिल्क**

'गोल्डेन मेमोरी मिल्क' तयार गर्ने विधि यस प्रकार छ : बिहान २-४ ओटा बदाम एक कप पानीमा भिजाएर राख्ने। आफ्नो पाचनशक्तिअनुसार बदामको संख्या कमबेसी गर्न सकिन्छ। तर, चारआटा बदामभन्दा बढी प्रयोग नगर्ने। अब एक गिलास मनतातो दुधमा बदामको छिल्का हटाएर बनाएको लेप, एक तिहाई चम्चा बेसार, आधा चम्चा शुद्ध घिउ (गाईको घिउ उत्तम हन्छ) हालेर राम्रोसँग मिलाउने। यस दुधमा एक चम्चा मह मिसाई अलैंची र दालचिनीको अलिकति चूर्ण माथिबाट छर्कन सकिन्छ। अब एक चम्चा त्रिफला चूर्ण फाँको हालेर गोल्डेन मेमोरी मिल्क पिउने।

**जाडो मौसमको विहार**

जाडो मौसममा आहारअनुसारको विहार अर्थात् रहनसहन बहुतै महत्त्वपूर्ण हुन्छ। त्यसैले, जाडो मौसममा गर्न योग्य विहार गर्नुपर्छ। यदि, गर्न योग्य विहार नगर्ने तथा गर्न अयोग्य विहार गर्ने हो भने शरीरलाई हानि गर्छ तथा रोग पैदा हुन्छ।

जाडो मौसममा शीतबाट बच्ने। शरीरमा तेल मालिस गर्ने। व्यायाम तथा योगासन गर्ने। घाम ताप्ने र बिहान हिँड्ने या दौडिने। न्यानो लुगा लगाउने। सुत्दा न्यानो कपडा, जस्तै : कम्बल, सिरक आदिको प्रयोग गर्ने। मनतातो पानीले नुहाउने। यी सबै जाडो मौसमका उचित विहार हुन्।

जाडो मौसममा मानिसहरूले बिहान नुहाउन अल्छी मान्छन्। तर, जस्तोसुकै जाडो भए पनि बिहान नुहाउन अल्छी गर्नुहुँदैन। बिहान सबेरै उठेर नुहाउनाले शरीरमा चुस्तीफुर्ती बढ्छ, शरीर शुद्ध हुन्छ। तोरीको तेल वा तिलको तेलले शरीर मालिस गरेर नुहाउनु सुनमा सगन्ध हुन्छ। धेरै जाडो भएको खण्डमा मनतातो पानीले नुहाउन सकिन्छ। तर, धेरै तातो पानी टाउको तथा आँखामा पर्न दिनुहुँदैन।

यसरी, जाडो मौसममा उचित आहारविहारको पालना गर्ने हो भने शरीर पुष्ट, सुडौल तथा स्वस्थ हुन्छ जसले गर्दा गर्मी मौसममा पनि शरीर स्वस्थ रहन्छ।

# हट्यो इरानमाथिको अन्तर्राष्ट्रिय प्रतिबन्ध

**एजेन्सी**
तेहरान, २ माघ



अन्तर्राष्ट्रिय समुदायले लामो समयदेखि इरानमाथि लगाएको प्रतिबन्ध हटेको छ । इरानको आणविक सम्झौताका विषयमा अमेरिकी विदेशमन्त्री जोन केरीसँग छलफल गर्न हाल भियनामा रहेका इरानी विदेशमन्त्री मोहम्मद जाभाद जारिफले सो जानकारी दिएका हुन् ।

आणविक गतिविधिको अनुगमन गर्ने राष्ट्रसंघीय निकाय अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी आईएईएका अनुसार अन्तर्राष्ट्रिय समुदायसँग भएको इरानको सम्झौताअनुसार इरानले बिस्तारै आणविक गतिविधि कटौती गर्दै लैजानुपर्ने हुन्छ ।

आईएईएले सहमति कार्यान्वयनमा इरान इमानदार भएको प्रमाणित गरेपछि राष्ट्रसंघ, अमेरिका र युरोपियन युनियनले लगाएको प्रतिबन्ध हटेको हो ।

भियनामा रहँदा उनले अमेरिकी समकक्षी केरी, युरोपियन युनियनका विदेशनीति प्रमुख फ्रेडिका मोघ्रेनी, आईएईए प्रमुख युकिया अमानोसँग भेट गर्ने कार्यक्रम रहेको छ ।

प्रतिबन्ध हटेसँगै इरानको अर्बौं डलरको सम्पत्ति फुकुवा हुने, विदेशी लगानी हुने र अन्तर्राष्ट्रिय क्षेत्रमा तेल बिक्री गर्न पाउनेछ । जाफरीलाई उल्लेख गर्दै इरानी सञ्चारमाध्यमले इरानमाथिको अन्तर्राष्ट्रिय प्रतिबन्ध हट्नु इरानी जनताका लागि राम्रो दिन भएको उल्लेख गरेका छन् ।

अमेरिकी विदेश मन्त्रालयले सम्झौताका सबै साझेदारले कार्यान्वयनको प्रगतिका बारेमा निरन्तर अनुगमन गर्नाका साथै कार्यान्वयनमा जोड दिने भन्दै यसले इरानको आणविक कार्यक्रम शान्तिपूर्ण कार्यका लागि भएको पुष्टि गर्ने बताएको छ । तर, अमेरिकाको विपक्षी दल रिपब्लिकनका सांसद्ले भने इरानले आगामी दिनमा आणविक बम निर्माण गर्दैन भन्ने ग्यारेन्टी सम्झौतामा नभएको भन्दै विरोध गर्दै आएका छन् ।

अमेरिकामा अरब क्षेत्रका मुख्य सहयोगी साउदी अरेबिया र इजरायलले आफूहरूको सुरक्षालाई ध्यान नदिई इरानसँग सम्झौता गरेको भन्दै असहमति जनाउँदै आएका छन् ।

सम्झौतासँगै इरानले आफ्नो आणबिवक कार्यक्रम भारी मात्रामा कटौती गर्नुपर्ने हुन्छ । यसअघि पनि इरानले आफ्नो आणविक कार्यक्रम शान्तिपूर्ण कार्यका लागि भन्दै बचाउ गर्दै आएको थियो ।

इरानले आणविक कार्यक्रमलाई अगाडि बढाएपछि गत १२ वर्षदेखि वार्ताहीन अवस्था रहँदै आएको थियो । गत जुलाईमा सुरक्षा परिषद्का पाँच स्थायी सदस्य अमेरिका, चीन, रसिया, बेलायत र फ्रान्सका साथै जर्मनीसहित इरानसँग भएको पटक पटकको वार्ता गत जुलाईमा सहमतिमा पुगेको थियो । सहमतिसँगै इरानी राष्ट्रपति हसन रोहनीले सम्झौतालाई ऐतिहासिक भएको बताएका थिए ।

प्रतिबन्धले इरानको करिब १ सय ६० अर्ब डलरबराबरको तेल बिक्री हुन सकेको थिएन । विदेशमा थुप्रिएको करिब १ सय अर्ब डलरबराबरको सम्पत्तिमा पनि पहुँच पुग्ने भएको छ । मुख्य विषय विश्वको चौथो ठूलो तेल निर्यातक र तेलमा निर्भर इरानका लागि सम्झौता अन्तर्राष्ट्रिय बजारमा बिक्रीका लागि खुला हुनेछ ।

सन् २००७ मा अमेरिकी जासुसी संयन्त्रले दिएको प्रतिवेदनमा इरानसँग आणविक हतियारसम्बन्धी कार्यक्रम रहेको र सन् २००३ देखि रोकिराखेको उल्लेख गरेको थियो ।

त्यसैगरी, आईएईएले नियमित रूपमा आणविक कार्यक्रमका सम्बन्धमा अनुसन्धान र वार्ता समानान्तर रूपमा जारी राखेको थियो । तर, इरानले विगतमा भएको गतिविधि मुख्य गरी सैनिक क्षेत्रमा भएका गोप्य आणविक परीक्षणका बारेमा पर्याप्त जानकारी उपलब्ध नगराएको आरोप लगाउँदै आएको थियो ।

# ताई इङ वेन ताइवानको पहिलो महिला राष्ट्रपति

**एजेन्सी**
ताइपेई, २ माघ



ताई इङ वेन ताइवानको प्रथम महिला राष्ट्रपतिमा नियुक्ति भएकी छन् । ५९ वर्षीय वेनले यसअघि त्यहाँको डेमोक्रेटिक प्रोग्रेसिभ पार्टी (डीपीपी) को नेतृत्व गर्थिन् । डीपीपीले चीनबाट स्वतन्त्र हुन संघर्षसमेत गरेको थियो ।

विजयी भाषणमा राष्ट्रपति वेनले चीनसँगको सम्बन्धलाई यथास्थितिमा नै राख्ने घोषणा गरेकी छन् । बेइजिङले ताइवानी प्रजातन्त्रको सम्मान गर्नुपर्ने बताउँदै दुवै मुलुकले कुनै उत्तेजना छैन भन्ने विषयमा सुनिश्चित गर्नुपर्ने उनले बताइन् ।

चीनले ताइवानलाई एउटा टुक्रिएको प्रान्तका रूपमा हेर्ने गर्छ । आवश्यक परेको खण्डमा आफ्नो स्वमित्वमा लैजान सक्ने बेइजिङले चेतावनीसमेत दिँदै आएको छ ।

आफ्नो वक्तव्यमा राष्ट्रपति वेनले ताइवानमा नयाँ युगको प्रशंसा गर्दै मुख्य विषयमा अन्य राजनीतिक दलसँग सहकार्य गर्ने समेत उनले प्रतिबद्धता व्यक्त गरे । ताइवानी जनताको सदिच्छा चीनसँगको सम्बन्धको प्रमुख आधार हुने वेनले बताइन् । सम्बन्धमा आत्मसम्मान ल्याउनुपर्ने समेत उनले बताइन् ।

सहयोगका लागि अमेरिका र जापानलाई धन्यवाद दिँदै यस क्षेत्रमा शान्ति र स्थिरता कायम गर्न ताइवानले विशेष योगदान दिने समेत उनले प्रतिबद्धता व्यक्त गरिन् । यसैबिच, सत्तासीन कुमिनटाङ (केएमटी) की इरिक चुले पराजय स्वीकार गरेका छन् ।

# विश्वभर भारतीय आप्रवासीको संख्या अधिक

**एजेन्सी**
राष्ट्रसंघ, २ माघ

भारतीय प्रवासीको संख्या विश्वमा नै सबैभन्दा बढी देखिएको छ । राष्ट्रसंघको एक सर्वेक्षणअनुसार सन् २०१५ मा विश्वभर बस्ने भारतीय प्रवासीको संख्या १ करोड ६० लाख रहेको छ । राष्ट्रसंघको आर्थिक तथा सामाजिक मामिलासम्बन्धी विभाग (डीईएसए) अनुसार सन् २०१५ मा आफू जन्मिएको देशभन्दा बाहिर बस्ने प्रवासीको संख्या विश्वभर २४ करोड ४० लाख रहेको छ । सन् २००० को तुलनामा यो संख्या ४१ प्रतिशतले बढी हो ।

विश्वमा रहेका अन्तर्राष्ट्रिय प्रवासीमध्ये करिब दुई तिहाई आप्रवासी युरोपमा (७ करोड ६० लाख) र एसियामा (साढे ७ करोड) रहेको ट्रेन्ड्स इन इनटरनेसनल माइग्रेन्ट स्टकले जनाएको छ ।

'अर्न्तराष्ट्रिय आप्रवासीको संख्यामा भएको वृद्धिले अन्तर्राष्ट्रिय आप्रवासीको बढ्दो महत्त्वलाई प्रतिबिम्बित गर्छ,' राष्ट्रसंघका आर्थिक तथा सामाजिक मामिलासम्बन्धी उपमहासचिव उ होङ बोले भने ।

'व्यवस्थित बसाइँसराइले जन्मिएको देश तथा गन्तव्य र आप्रवासी तथा उनीहरूका परिवारलाई पनि फाइदा गर्छ,' उनले भने । भारतमा विश्वमा नै सबैभन्दा बढी आप्रवासी छन् ।

भारतपछि मेक्सिको र रसियाका आप्रवासीको संख्या बढी रहेको तथ्यांकमा उल्लेख छ । सन् २०१५ मा १ करोड ६० लाख भारतीय संसारभर फैलिएर बसेका थिए । सन् १९९० मा यो तथ्यांक ६७ लाख रहेको सर्वेक्षणमा उल्लेख छ ।

त्यस्तै, मेक्सिकोको आप्रवासीको संख्या १ करोड २० लाख रहेको छ ।

त्यस्तै, ठूलो संख्यामा विश्वभर आप्रवासी रहेका अन्य देशमा रसिया, चीन, बंगलादेश, पाकिस्तान र युक्रेन रहेका छन् । विदेशमा आप्रवासी बस्ने २० देशमध्ये एसियाका ११, युरोपका ६ र अफ्रिका, ल्याटिन अमेरिका, क्यारेबियन र उत्तर अमेरिकाबाट एक/एकजना रहेका पनि सर्वेक्षणमा उल्लेख छ ।

सन् २०१५ मा दुई तिहाई अन्तर्राष्ट्रिय आप्रवासी २० ओटा देशमा रहेको सर्वेक्षणमा उल्लेख छ । कुल आप्रवासीको १९ प्रतिशत (४ करोड ६६ लाख) अमेरिकामा रहेका छन् । त्यसपछि जर्मनी, रसिया, साउदी अरेबिया, बेलायत र युनाइटेड अरब इमिरेट्समा रहेको बताइन्छ । २० ओटा मुलुकमध्ये देशको सूचीमा भारत १२औं नम्बरमा पर्छ ।

# बुर्किनाफासोमा आतंककारी हमला २३ को मृत्यु

**एजेन्सी**
बुर्किनाफासो, २ माघ



बुर्किनाफासोमा अल कायदाका लडाकूहरुले शनिबार बिहानैदेखि एक होटललाई नियन्त्रणमा लिई गरेको आक्रमणमा विभिन्न १८ देशका कम्तीमा पनि २३ जनाको ज्यान गएको र ३३ जना घाइते भएको समाचार छ ।

सुरक्षा अधिकारीका अनुसार घाइतेमध्ये अधिकांशलाई गोली लागेको छ । अधिकारीका अनुसार दुईजना महिलासहित चारजना आक्रमणकारीको मृत्यु भएको छ । सेना र प्रहरीले गरेको कैयौं घन्टाको प्रयासपछि होटलभित्र रहेका ६३ जनालाई मुक्त गराएको थियो ।

होटलमा रहेका सबैलाई अलकायदाका लडाकूहरूले कब्जामा लिएर आक्रमण थालेका थिए । तर, तत्कालै त्यहाँ पुगेको सेनाको प्रयासका कारण धेरैको ज्यान जोगिएको बताइएको छ । बुर्किनाफासोको राजधानीमा रहेको स्पेन्डिड् होटललाई अलकायदाका लडाकूहरूले कब्जामा लिएर हमला थालेका थिए ।

होटलमा संयुक्त राष्ट्रसंघका कर्मचारी रहेको अनुमानको आधारमा यस्तो हमला भएको प्रहरीले अनुमान गरेको छ । बुर्किनाफासोका गृहमन्त्री सिमोन कम्पेररले त्यहाँ अहिलेसम्ममा २० जनाको शव भेटिएको र अझै मारिनेको संख्या धेरै पनि पुग्न सक्ने बताए ।

१ सय ४७ कोठा रहेको सो होटलमा कतिजना पाहुना थिए र के कतिजना आक्रमणकारी थिए भन्नेबारेमा केही भन्न नसकिएको पनि उनले जानकारी दिए ।

आक्रमणमा के कति मारिएका छन् र आक्रमणकारी कतिजना त्यहाँ लुकेर रहेका छन् भन्नेबारेमा अझै पूर्ण विवरण आइनसकेको पनि उनले बताए । मारिने व्यक्ति सोही होटलका पाहुना भएको अनुमान गरिएको भए पनि उनीहरूको पहिचान हुन सकिरहेको छैन ।

होटलको परिसरमा रहेका दसभन्दा बढी सवारीसाधनमा आगो लगाइएको छ । होटलका विभिन्न कोठामा आगो लागेका कारण धुवाँ उडेको देखिएको छ । त्यसैगरी, भित्र थुनिएर रहेका कैयौं व्यक्तिले रोईकराई गरिरहेको पनि सुनिएको समाचारमा उल्लेख गरिएको छ ।

बुर्किनाफासोको सेनाले आतंककारीविरुद्धको कारबाही थालिएको र अहिलेसम्म पूरा नभएकाले पूर्ण विवरण नआइसकेको जनाएको छ । आक्रमणको जिम्मेवारी अलकायदा इन द इस्लामिक माघरेब नामक लडाकू समूहले लिएको छ ।

**फ्रान्सेली राष्ट्रपतिद्वारा आक्रमणको निन्दा**

फ्रान्सेली राष्ट्रपति फ्रास्वाँ होलन्दले सो आक्रमणको निन्दा गरेका छन । उनले आतंककारी हमलामा संलग्नलाई कानुनी कठघरामा ल्याउन माग पनि गरेका छन् ।

आक्रमणलाई कायर घटनाको संज्ञा दिँदै यस घडीमा आफू बुर्किनाफासो सरकार र त्यहाँका नागरिकका पक्षमा रहेको धारणा पनि राखेका छन ।

सो आक्रमणमा फ्रान्सेली सेनाले सहायता पुर्‍याइरहेको भन्दै आतंकवादका विरुद्धमा फ्रान्सले बुर्किनाफासोलाई पूर्ण रूपमा सहयोग र समर्थन रहेको धारणा उनले राखेका छन् ।

# जकार्ता आक्रमणका १२ आरोपित पक्राउ

**एजेन्सी**
जकार्ता, २ माघ



इन्डोनेसियाली प्रहरीले राजधानी जकार्तामा बिहीबार आत्मघाती बम हमला गर्ने योजनामा संलग्न रहेको आरोपमा १२ जनालाई पक्राउ गरी अनुसन्धान अघि बढाएको यहाँका उच्च प्रहरी अधिकारीले बताएका छन् ।

यस्तै, प्रहरीले आक्रमणमा संलग्न पाँचजना आतंककारीको परिचय खुलेको शनिबार जनाएको छ । बिहीबार भएको सो आतंककारी हमलामा सातजनाको ज्यान जानाका साथै २० भन्दा बढी घाइते भएका थिए ।

प्रहरी अनुसन्धानबाट जकार्तास्थित एक प्रहरी केन्द्र तथा स्टार बक्स कफी पसलमा गरिएको बम तथा बन्दुक आक्रमणको खर्च आईएस समूहले मिलाएको पनि छानबिनबाट थाहा हुन आएको राष्ट्रिय प्रहरी प्रमुख बादरोदिन हाइटीले बताए ।

पक्राउ परेकामध्ये एकजनाबाट आक्रमणका लागि आईएस समूहबाट बजेट लिएको तथ्य सार्वजनिक भएको प्रहरी प्रमुख बादरोदिनले पत्रकार सम्मेलनमा बताए ।


## वर्गीकृत विज्ञापन | आइतबार, मंगलबार, बिहीबार र शनिबार

**घर, टहराहरु भाडामा**
बालकोटमा फ्याक्ट्री, पोल्ट्री, च्याउ खेतीलाई, घर टहराहरु भाडामा । ५६३९७४४

**जग्गा बिक्रीमा**
सांखु पालुबारीमा २ आना ३ पैसा जग्गा बिक्रिमा ९८४१४४५०४३, ९८४३४४६५३६

**चाहियो**
सितापाईला स्वयम्भू कलंकी वरीपरी एरियामा बस्ने २३ वर्ष देखि ३५ वर्षसम्मको ड्राइभर चाहियो ४००१५६४, ९८६०८३३६७६

अफसेटप्रेसमा २/४ कलर प्रिन्टिङ मेशिनकोलागि अपरेटर, सहायकअपरेटर, फिडरम्यान, हेल्पर र ग्राफिक डिजाईनर (पार्टटाईम) 9801088032

**बिक्रीमा**
एयरपोर्टमा ट्राभल्स एन्ड टुर्स बिक्रीमा ९८४९९४७२१६

पानी तताउने सोलार, पानी फिल्टर फोन नं. : ९७४१००४६७९

लुभु बसपार्क नजिकै घडेरी बिक्रीमा १२ फुटे कच्ची मोटर बाटो भएको १४ आना घडेरी बिक्रीमा सम्पर्क : ९८५११८११४१

**सवारी साधन**
नौसिटर जिप रिजर्भ टुर टिकेटिङ चाहियमा ४००१५६४, ९८६०८३३६७६

**मर्मत**
कलर टेलिभिजन ग्यारेन्टीसाथ घरमै मर्मत ९८४१७९३५८६, ९८१५०२७२४०

**सम्पर्क**
घर बनाउने, ढलान काट्ने, घर भत्काइ सामान उठाउने र सडक बनाउने ठेक्का पट्टा सहित । सम्पर्क : ९८४१३१६३१२

Water Pump, रिवाईन्डीङ-१२०० राईस कुकर रिपेरिङ- २०० फ्रिज ग्याँस चारजिङ -१०० ३ बर्ष ग्यारेन्टी

**तिर्थयात्रा**
गंगासागर, तिनधाम, ११-ज्यो तिलिङ्ग, गयाकाशी 01-4462024, 9803017032

**आवश्यकता**
महिला कर्मचारी आवश्यकता मो.नं. ९८०३१७८५९८ कलंकी ।

यस Dragon Recruitment and Security Services Pvt. Ltd. लाई सुरक्ष गार्ड आवश्यकता भएको ले इच्छुक व्यक्तिले आवेदन दिनु होला । योग्यता : उचाई : ५.५ फिट, तौल ५६ के.जी योग्यता : S.L.C. वा सो सरह तलब: कम्पनीको नियम अनुसार सम्पर्क : ललितपुर-५, लनगखेल फोन : ५५३०८५४ मो ९८५१०५२९७३

**पसल भाडामा**
नारायणहिटी दरबारको पूर्व उत्तरमा (धोबीचौर) कैलाश चौरमा १६X१० को दुई सटर र ८X१० को दुई सटर भाडामा ।

सम्पर्क : ९८४१९४५०१७

**फ्ल्याट भाडामा**
कुमारीपाटी हाईवेमा अफिसहरुलाई अति उपयुक्त तिनकोठाको फ्ल्याट ९८५११२३७३७, ५५४२९४६

महाकविमार्ग डिल्लीबजारमा चार कोठा दुई बाथरुम र भान्सा सहित फ्ल्याट भाडामा, मोटर जाने ठाउँ सम्पर्क : ४४१३५२३, ९८४१२३१०९३

**राजधानी राष्ट्रिय दैनिकको वर्गीकृत/डिस्प्ले विज्ञापन संकलनका लागि विभिन्न स्थानमा बुकिङ्ग काउण्टर खोलिएकाले सम्पर्क राखि लाभ उठाउनुहुन सहर्ष जानकारी गराउँछौं**

⇨**सोह्रखुट्टे,** नयाँबजार, गोरखा न्यूज :-४३५५७६०, ⇨**लगनखेल,** ब्रासिस बुक्स एण्ड स्टेशनरी : ९८४१८७२१८१, ५५४१३०० ⇨**चावहिल,** युनाइटेड आइटी सोलुसन: ९८५१०३०६७५, ⇨**नयाँ बसपार्क,** न्यू पोखरा अडियो सेन्टर :- ४३८०५८२, ⇨**नयाँ बसपार्क,** पशुपती कम्युनीकेशन :- ४३६६११२, ⇨**भक्तपुर,** सल्लाघारी तीनकुने, पुण्य श्री स्टेशनरी :- ६६१५५१२, ⇨**कालिमाटी,** पब्लिक कन्ट्याक प्वाइन्ट :- ४६७४८०१, ⇨**पुरानोबानेश्वर चोक,** बीडलिंक मिडिया प्रा.लि. :- ४४९२३०९/२०१४९३२, ⇨**हात्तीसार,** लुम्बिनी कम्युनीकेशन :- ४४४५२९४, ⇨**मैतिदेवी,** बाबा स्टेशनरी एण्ड सेक्रेटरीयल इन्टरप्राइजेज :- ४४४४०१९, ⇨**ज्याठा,** एपिनेट कम्प्युटर :- ४२५८६०६, ⇨**मिनभवन,** ग्लोबल बुक्स एण्ड स्टेशनरी: ४१०७१२८/४१०७४७७, ⇨**गोंगबु चोक,** लोटस कम्युनिकेशन :- ४३६४७५१, ⇨**बसुन्धरा,** एम.एस. सेडाँई बुक्स एण्ड स्टेशनरी :- ४३५६४७५, ⇨**कोटेश्वर,** कविन बक्स एण्ड स्टेशनरी :- ४६००१६७, ⇨**चावहिल,** अदिती विज्ञापन सेवा :- ९८४१०२६३८१, ⇨**क्षेत्रपाटी ढल्को,** कम्युनिकेशन प्लस :- ४२६६७५१, ⇨**सुन्धारा,** सुन्धारा टेलिकम :- ४२२०१८२, ⇨**कीर्तिपुर,** किपु बुक्स प्वाइन्ट :- ४३३१७७५, ⇨**ठमेल,** हाइलाइट मिडिया :- ४४१७३३३, ⇨**बागबजार,** विश्व नेपाली पुस्तक सदन :- ४२२४२२६, ⇨**जोरपाटी,** स्मार्ट इन्भेष्टमेन्ट प्रमोशन नेपाल प्रा.लि. :- ४९१३०१०, ९७४१०१७२५३, ⇨**लगनखेल,** निशा बुक्स एण्ड स्टेशनरी :- ५५३१९५७, ९८४१६२७४८९, ⇨**नयाँ बानेश्वर,** पाथिभरा इन्टरप्राइजेज : ९८४१४४५६९०, ४४९८०३७, ⇨**सैबु भैसेपाटी,** डंगोल बुक्स एण्ड स्टेशनरी सेन्टर :- ९८४१५०२७७, ५५९०६५८, ⇨**वीरगंज त्रिमुरती चोक,** अमृत पुस्तक भण्डार : ९८४९९७०७८९, ⇨**हेटौडा,** शिवालिक इन्टरप्राइजेज ९८४५२८९०९८, ⇨**भरतपुर, चितवन,** शुभप्रभात मिडिया हाउस ९८५५०६३४०७

**सम्पर्क नं.:- काठमाडौं, ५५४६३००, फ्याक्स: ५०११५९४/ नेपालगञ्ज, ०८१-५२५९३४/पोखरा, ०६१-५३३४३७/बुटवल, ०७१-४३७४५५**



| | |
|---|---|
| छापावाल प्रतितोला | - रू.४९,७००/- |
| तेजाबी प्रतितोला | - रू.४९,४५०- |
| चाँदी प्रतितोला | - रू.६८०/- |



# अर्थ

# नेपाल एसियाली पूर्वाधार विकास बैंकको बोर्डमा छानियो

**काठमाडौं/रास-** एसियाली पूर्वाधार विकास बैंकको बोर्डमा नेपाल छानिएको छ।

चीनको बेइजिङमा भइरहेको एसियाली पूर्वाधार विकास बैंकको सम्मेलनबाट नेपाल बैंकको सञ्चालक समितिको सदस्यमा छानिएको हो।

सञ्चालक समितिमा एसियाबाट नौ देश र गैरक्षेत्रीय (एसियाबाहेक) देशबाट दुई गरी ११ देश बैंकको सञ्चालक समितिमा छानिएका हुन्। अर्थ मन्त्रालय सम्बद्ध अधिकारीहरूले दिएको जानकारीअनुसार एसियाबाट नेपालसहित चीन, यूएई, इन्डोनेसिया, अस्ट्रेलिया, रसिया, भारत, दक्षिण कोरिया र टर्की तथा एसियाबाहेकका मुलुकहरूबाट संयुक्त अधिराज्य बेलायत र जर्मनी एसियाली पूर्वाधार विकास बैंकको सञ्चालक समिति सदस्य रहेका छन्।



सम्मेलनमा सहभागी ५७ देशका मन्त्री तथा प्रतिनिधिले संयुक्त रूपमा स्विच अन गरी बैंकको उद्घाटन गरेका थिए। त्यसअघि चीनका राष्ट्रपति सी जिन पिङले बैंकको ब्यानरको अनावरण गरेका थिए।

सो कार्यक्रममा बोल्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेलले भूकम्पबाट भएको विनाश र गरिबीको रेखाबाट माथि उठ्न एसियाली पूर्वाधार लगानी बैंक नेपालका लागि सहयोगी हुने विश्वास व्यक्त गरे। उनले बैंकको स्थापनाले आवश्यक भौतिक र सामाजिक-आर्थिक पूर्वाधार विकास गर्ने नेपालको आशालाई बढाएको बताए।

भूकम्पबाट भएको क्षतिबाट माथि उठ्न मात्र होइन, नेपालमा विद्यमान गरिबी निवारणमा पनि पूर्वाधार लगानी बैंक अत्यन्त सहयोगी हुने कुरामा आफू विश्वस्त रहेको उनको भनाइ थियो। अर्थमन्त्री पौडेलले भने, 'बैंकका भविष्यका गतिविधिमा जुनसुकै भूमिकामा सहभागी हुन नेपाल तयार छ।' एसियाली पूर्वाधार लगानी बैंकको स्थापना र सञ्चालन एसियामा सञ्जाल र पूर्वाधार विकासमा महत्त्वपूर्ण कोसेढुंगा भएको उनले बताए।

बैंकमार्फत भौतिक आवश्यकता पूरा गर्दै सामाजिक, आर्थिक विकासका निम्ति नेपाल सक्रिय रूपमा सहभागी हुने उनले बताए। बैंकको गतिविधिमा सघन ढंगले सहभागी हुने उल्लेख गर्दै बैंकको स्थापनाले एसियाको विकासमा महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास पनि व्यक्त गरे।

# अबको चुनौती सुशासन र व्यवस्थापन : महत

**राजधानी समाचारदाता**
काठमाडौं, २ माघ

पूर्वअर्थमन्त्री डा. रामशरण महतले अबको चुनौती सुशासन र व्यवस्थापनको भएको बताएका छन्। भूकम्प र भारतको अघोषित नाकाबन्दीले नेपाली अर्थतन्त्रमा पारेको असर कम गर्न द्रुत मार्गबाट काम गर्नुपर्ने भए पनि सुशासन र व्यवस्थापनमा उचित सुधार नगरी अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुने उनको भनाइ छ।

एसियन जर्नालिस्ट एसोसिएसन नेपालले आयोजना गरेको नेपालको अर्थतन्त्रमा भूकम्प र नाकाबन्दीको प्रभाव, पुनःस्थापनाको चुनौती र राष्ट्रिय क्षमता विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै डा. महतले यस्तो बताएका हुन्। उनले राजीतिक नेतृत्वको मुख्य प्राथमिकता आर्थिक विकास हुनुपर्ने भए पनि त्यस्तो हुन नसकिरहेको चिन्ता पनि जनाए।

उनलाई 'द बैंकर' पत्रिकाले सन् २०१५ मा विश्वका उत्कृष्ट अर्थमन्त्री घोषणा गर्दै पुरस्कृत गरेकोमा एसोसिएसनले बधाई पनि दिएको छ।राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष तथा अर्थविद् डा. शंकर शर्माले नाकाबन्दीपछि बजेटको पुनर्प्राथमिकीकरण गर्नुपर्ने धारणा राखे। 'खर्च हुन नसकेको क्षेत्रको बजेट खर्च हुने क्षेत्रमा ल्याउने गरी बजेटको पुनर्प्राथमिकीकरण गर्नुपर्छ, भारतसँगको सम्बन्ध नराम्रोसँग बिग्रिएकाले कूटनीतिक माध्यमबाट बलियो बनाउनुको विकल्प छैन,' अमेरिकाका लागि नेपालको पूर्वराजदूतसमेत रहेका डा. शर्माले भने। यस्तै, पछिल्लो समयमा कालोबजारी बढेको र यसले भ्रष्टाचारलाई बढावा दिएको उनको भनाइ छ। नाकाबन्दीका कारण आपूर्ति प्रणाली नै प्रभावित हुँदा मानवीय संकट उत्पन्न भएको शर्माले बताए।

राष्ट्रिय योजना आयोगका पूर्वसदस्य तथा अर्थविद् स्वर्णिम वाग्लेले भूकम्पले कम प्रभाव पारेको क्षेत्रमा नाकाबन्दीले बढी प्रभाव पार्दा समस्या झनै जटिल बनेको धारणा राखे।


## श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.

बाट ऋण लिई समयावधी भित्र चुक्ता नगर्ने ऋणीहरुलाई

### कर्जा चुक्ता गर्न आउने बारेको २१ दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७२/१०/०३ गते

यस सहकारीबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न प्रयोजनको लागी लग्नु भएको कर्जाको यस सहकारीसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज, अतिरिक्त ब्याज र अन्य दस्तुर आदि नतिरी नबुझाई सहकारीसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उलंघन गर्नु भएकोले सहकारीको सम्पुर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गरेको र सो गर्दा समेत सहकारीको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गर्नु भएकोले तपाई तपशिलमा उल्लेखित ऋणीहरुको नाममा कर्जा चुक्ता गर्न आउनु भनी यो **२१ दिने सुचना प्रकाशित** गरिएको छ।

यो सुचना प्रकाशित भएको मितिले **२१ (एक्काईस) दिन भित्र** यस सहकारीमा सम्पर्क राखी लिएको कर्जाको सावाँ, ब्याज, अतिरिक्त ब्याज तथा अन्य दस्तुर समेत चुक्ता गर्नुहोला। अन्यथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धि विनियमावली, विनियम तथा सहकारी ऐन नियमले दिएको अधिकार प्रयोग गरी ऋणी तथा जमानीको फोटो सहितको विवरण समेत खुलाई पुनः १५ दिने सुचना प्रकाशित गरी सम्पुर्ण रकम असुल उपर प्रकृया अगाडी बढाईने ब्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| सि.नं. | ऋणीको ठेगाना तथा तिनपुस्ते विवरण | व्यक्तीगत जमानत दिनेको ठेगाना तथा तिनपुस्ते विवरण | कर्जा शिर्षक |
|---|---|---|---|
| १ | बागमती अञ्चल ललितपुर जिल्ला बिशंखु गा.वि.स. वडा नं. ८ दमाईटार टोलमा जन्मस्थान भई हाल बागमति अञ्चल ललितपुर जिल्ला ठैब वडा नं. ७, सरस्वतीटार टोलमा स्थायी बसोबास गर्ने **श्री टेक बहादुर थापाको** नाती **श्री हरि बहादुर थापाको** छोरा (ना.प्र.प.नं. ६४६, ललितपुर) वर्ष ४२ को **श्री माधव थापा क्षेत्री।** | नारायणी अञ्चल पर्सा जिल्ला बिरगंज नगरपालिका वडा नं. ६ मा जन्म स्थान भई हाल बागमती अञ्चल ललितपुर जिल्ला ल.पु.उ.प.म.न.पा. वडा नं. ३ झम्सीखेलमा स्थायी बसोबास गर्ने **श्री तारा विक्रम शाहको** नाती **श्री जय विक्रम शाहको** छोरा (ना.प्र.प.नं. २५२८/१६०३१८४९६, पर्सा) वर्ष ४७ को **श्री प्रजय विक्रम शाह।** | व्यवसायिक कर्जा |
| | | बागमती अञ्चल ललितपुर जिल्ला गोदावरी गा.वि.स. वडा. नं. ६, टौखेलमा जन्मस्थान भई हाल बागमती अञ्चल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३४, सार्कीगाउँमा स्थायी बसोबास गर्ने श्री वेद बहादुर सिल्वालको नाती श्री विष्णु बहादुर सिल्वालको छोरा (ना.प्र.प.नं. ७८७, ललितपुर) वर्ष ४३ को **श्री राजेन्द्र सिल्वाल।** | |
| २ | नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता रहि दर्ता नं. ११०८८७/०६९/०७० र पान नं. ६०१११३८८० भएको बागमती अञ्चल काठमाण्डौ जिल्ला गोठाटार गा.वि.स. वडा नं. ९ खहरेमा अवस्थीत **सि.एस.स. मिल काष्ठ उद्योग प्रा.लि.** बाट अख्तियार प्राप्त उक्त कम्पनीका अध्यक्ष जनकपुर अञ्चल दोलखा जिल्ला भ्याकु गा.वि.स. वडा नं. ९ जन्मस्थान घर भई हाल बागमती अञ्चल काठमाण्डौ जिल्ला गोठाटार गा.वि.स. वडा नं. ९ खहरेमा बसोबास गर्ने **श्री दल बहादुर बस्नेतको** नाति **श्री मोहन बहादुर बस्नेतको** छोरा (ना.प.प्र.नं. ९९८८८/२४८, दोलखा) वर्ष ३३ को **श्री राज कुमार बस्नेत।** | नारायणी अञ्चल बारा जिल्ला फत्तेपुर गा.वि.स. वडा. नं.१ मा जन्म स्थान भई हाल बागमती अञ्चल काठमाण्डौ जिल्ला गोठाटार गा.वि.स. वडा नं. ९ खहरेमा स्थायी बसोबास गर्ने **श्री मोहन बहादुर बस्नेतको** बुहारी **श्री अभिमन्यु बहादुर क्षेत्रीको** छोरी **श्री राजकुमार बस्नेतको** श्रीमती (ना.प्र.प.नं. ५६१४/७१०७६, पर्सा) वर्ष २८ को **श्रीमती अनुरुपा क्षेत्री (बस्नेत)।** | व्यवसायिक कर्जा |

विस्तृत जानकारीको लागि
**श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.**
मुख्य कार्यालय: ललितपुर जिल्ला ललितपुर उप.म.न.पा. वडा नं. ३, पुल्चोक।


## साउदीसँग छिट्टै श्रम सम्झौता

**साउदी अरब/राසस-** नेपाल र साउदी अरबबिच छिट्टै श्रम सम्झौता हुने भएको छ।

रियादमा भएको दुई देशबिचका प्रतिनिधि मण्डलको वार्ताले श्रम सम्झौताको मस्यौदालाई अन्तिम रूप दिएपछि श्रम सम्झौता हुने निश्चित भएको हो।

श्रम तथा रोजगार मन्त्रालयका सचिव रामकुमार आचार्यको नेतृत्वमा आएको प्राविधिक टोली र साउदीको डेपुटी मिनिस्टर स्तरीय वार्ताले श्रम सम्झौताको मस्यौदालाई अन्तिम रूप दिएको हो। वार्तामा दुई देशबिच घरेलु कामदारलगायत सबै प्रकारका कामदारसम्बन्धी सम्झौता गर्ने निर्णयसमेत भएको छ। दुई दिनसम्म चलेको द्विपक्षीय प्राविधिक टोलीको वार्ताले श्रम सम्झौताका लागि अन्तिम खाका तयार गरेको हो।

यसअघि घरेलु कामदारको विषयमा मात्र चासो दिएको साउदी अरबले नेपालले सबै कामदारका लागि सम्झौता गर्नुपर्ने अडान लिएपछि दुवै खालको श्रम सम्झौता हुने भएको हो।

साउदीका लागि कार्यवाहक नेपाली राजदूत आनन्दप्रसाद शर्माले साउदीसँग श्रम सम्झौताका लागि सबै तयारी पूरा भएको बताए। श्रम सम्झौताका लागि घरेलु तथा सबै खालका कामदारका विषयमा दुई देशका श्रम अधिकारीबिच छलफल भई अन्तिम मस्यौदा तयार गरिएको उनले जानकारी दिए।

वार्तामा मूलतः प्रस्तावित श्रम सम्झौता, घरेलु महिला कामदार तथा अन्य सबै प्रकारका कामदार, तलब सेवा सुविधा, कामदारका हक हितलगायत विषयमा छलफल भएको थियो।

पछिल्लो समय नेपाली कामदारका लागि साउदी अरब ठुलो श्रम बजारका रूपमा लिइएको छ। साउदी अरबसँग लामो समयदेखि श्रम सम्झौता हुन नसक्दा नेपाली कामदारले निकै जटिल र गम्भीर खालका समस्या भोग्नुपरेको छ। सम्झौताअनुसारको काम नपाउनु, काम गरेको तलब नपाउनु, तोकिएको अवधिभन्दा बढी काम गर्नुपर्ने बाध्यता, करार अवधि सकिए पनि स्वदेश फर्कन नपाउनेलगायत समस्या नेपाली कामदारले भोग्ने गरेका छन्।

## ४२ सय मेट्रिक टन तोरी उत्पादन

**कपिलवस्तु/रास-** कपिलवस्तुमा तोरी खेतीको उत्पादन राम्रो हुने भएको छ। यस वर्ष तोरी फुल खेल्ने समयमा तुषारो नपरेकोले पनि तोरी उत्पादन राम्रो हुने अनुमान कृषि कार्यालयले गरेको छ। यो वर्ष कार्यालयले जिल्लामा ४२ सय मेट्रिक टन तोरी उत्पादनको लक्ष्य राखेको छ। जिल्लामा ४४ सय ८० हेक्टरमा तोरी खेती गरिएको छ। जिल्लाको भलवाड, मोतीपुर, हथौसा लगायतका स्थानमा किसानले व्यवसायिक रूपमै तोरी खेती गरेको कृषि कार्यालयका प्रमुख खुर्सेद अहमद खाले बताए।

# नगरपालिकाको बजेट

## लालीगुराँस नगरपालिकाको ५ करोड ११ लाख

**तेह्रथुम/रास-** लालीगुराँस नगरपालिका वसन्तपुर तेह्रथुमको प्रथम नगर परिषद्ले आव २०७३/७४ का लागि ५ करोड ११ लाख ८९ हजार ८ सय ३६ रुपैयाँ बजेट सार्वजनिक गरेको छ।

नगरपालिकाका कार्यकारी अधिकृत मणिराम खतिवडाले सार्वजनिक गरेको बजेटमा भौतिक पूर्वाधारलाई विशेष जोड दिइएको छ। नयाँ नगरपालिका भएकाले विनियोजित बजेटको ३१ प्रतिशत रकम भौतिक पुर्वाधार निर्माणमा छुट्टयाइएको कार्यक्रममा सार्वजनिक गरियो।

सार्वजनिक गरिएको बजेटमा आम्दानीतर्फ सरकारी सशर्त अनुदान ४ करोड ३६ लाख १७ हजार रुपैयाँ, राजस्व बाँडफाँटतर्फ १० लाख ५० हजार अनुमान गरिएको छ।

आन्तरिक स्रोतबाट २४ लाख ९९ हजार ८ सय ३६, आन्तरिक ऋण तथा अन्य स्रोतबाट ४० लाख २३ हजार प्राप्त हुने अनुमान गरिएको छ। खर्चतर्फ पुँजीगततर्फ ४ करोड २२ लाख ५६ हजार ७ सय ५१ र चालूतर्फ ८९ लाख ३३ हजार ८५ रुपैयाँ अनुमान गरिएको छ।

विनियोजित बजेटमध्ये खानेपानी तथा सरसफाइ कार्यक्रमतर्फ ४ दशमलव ३०, विपद् व्यवस्थापन तथा भूक्षरण कार्यक्रमतर्फ १ दशमलव ९५, विद्युत् तथा वैकल्पिक ऊर्जातर्फ ६ दशमलव ८४, शिक्षा क्षेत्रतर्फ ३ दशमलव ९१, स्वास्थ्यतर्फ ३ दशमलव ९१, वन वातावरण तथा जलवायु परिवर्तन न्यूनीकरण कार्यक्रमतर्फ २ दशमलव ९३, कृषि तथा पशुपालन कार्यक्रमतर्फ १६ दशमलव ७५, व्यवस्थित वस्ती विकास कार्यक्रमतर्फ, १ दशमलव ५६, पर्यटन विकास कार्यक्रमतर्फ ५ दशमलव ८६ रहेको छ।

त्यसैगरी सुशासन तथा संस्थागत विकास कार्यक्रमतर्फ २ दशमलव ३४, लक्षित वर्ग तथा समावेशीकरण कार्यक्रमतर्फ ४ दशमलव ८८, मावन संशाधन विकास कार्यक्रमतर्फ २ दशमलव ९३, गरिबी निवारण तथा उद्यमशीलता विकास कार्यक्रमतर्फ ६ दशमलव ८४ र अन्य कार्यक्रमतर्फ ३ दशमलव ९१ प्रतिशत छुट्टयाइएको छ।

## शारदा नगरपालिकाको ८ करोड ४१ लाख

**सल्यान/रास-** सल्यानको शारदा नगरपालिकाले आगामी आर्थिक वर्ष २०७३/७४ का लागि झन्डै साढे ८ करोडको बजेट प्रस्तुत गरेको छ। नगरपालिकाले आगामी आवका लागि कुल बजेट ८ करोड ४० लाख ९८ हजार रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेको हो।

सोमध्ये चालू खर्चतर्फ ३ करोड ५२ लाख र पुँजीगत खर्चतर्फ ४ करोड ८८ लाख ९८ हजार रहेको छ। परिषद्ले चालूतर्फ ४१ दशमलव ८६ प्रतिशत तथा पुँजीगततर्फ ५८ दशमलव ४१ प्रतिशत रहेको छ भने चालू खर्चबाट सामाजिक सुरक्षा शीर्षकमा २ करोड र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका लागि ६० लाख रहेको छ।

परिषद्बाट नगरपालिकाका कार्यकारी अधिकृत रेमन्तबहादुर डाँगीले आगामी आर्थिक वर्षका लागि ४५ लाख ५५ हजार, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम ३ लाख, मालपोत रजिस्ट्रेसनबाट प्राप्त हुने रकम ३० लाख, नेपाल सरकारबाट प्राप्त हुने चालु अनुदान ४६ लाख र नेपाल सरकारबाट प्राप्त पुँजीगत अनुदान ३ करोड ३७ लाख बेहोरिने बताए।

त्यसैगरी, पुँजीगततर्फको कुल बजेट ४ करोडमध्ये १ करोड म्याचिङ फन्डमा ४० लाख, लक्षित समूहतर्फ ७५ लाख ९५ हजार विनियोजन गरिएको छ, जसमा सबै महिलालाई प्रत्यक्ष फाइदा पाउने कार्यक्रममा २१ लाख ७० हजार, सबै जातजातिका बालबालिकाले प्रत्यक्ष फाइदा पाउने कार्यक्रममा २१ लाख ७० हजार, आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका सबै वर्गका लागि ३२ लाख ५५ हजार, प्रवर्द्धनात्मक कार्यक्रमका लागि ५६ लाख ४२ हजार र आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारतर्फ ८४ लाख ९८ हजार छुट्टयाइएको डाँगीले जानकारी दिए।

परिषद्ले शारदा नगरपालिकालाई स्वच्छ तथा सरसफाइयुक्त क्षेत्रका रूपमा विकास गर्न यथाशीघ्र खुला दिसामुक्त क्षेत्र घोषणा गर्न अभियान सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। नगरपालिकाले बाल तथा प्रजनन स्वास्थ्यमा सुधार, अपांगमैत्री पूर्वाधार संरचना र व्यवहार निर्माण, शुद्ध खानेपानी तथा स्वास्थ्य सरसफाइको सुविधाको पहुँचलाई उल्लेख्य रूपमा बढाउने, स्थानीय बालमैत्री शासनको प्रवर्द्धन, लैंगिक समानतामा वृद्धि, लैंगिक हिंसाको न्यूनीकरण, जलवायु परिवर्तन, विपद् जोखिम अनुकूलन तथा व्यवस्थापनलाई जोड दिनेजस्ता महत्त्वपूर्ण लक्ष्यहरू प्राप्त गर्न प्रतिबद्ध रहेको डाँगीले जानकारी दिए।

## सिद्धार्थ नगरपालिकाको ६७ करोड

**भैरहवा/रास-** सिद्धार्थ नगर नरपालिका भैरहवाले आगामी आर्थिक वर्ष २०७३/७४ को वार्षिक बजेट ६६ करोड ८२ लाख ८० हजार सार्वजनिक गरेको छ।

सो बजेटमध्ये ५ करोड, ६४ लाख १५ हजार प्रशासनिक, ४ करोड १३ लाख ६५ हजार चालु र ५७ करोड ५ लाख पुँजीगततर्फ रहनेछ। १९औं नगरपरिषद्ले स्वीकृत गरेको बजेट, वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गर्दै नगरपालिकाका कार्यकारी अधिकृत विष्णुदत्त गौतमले आगामी आर्थिक वर्षमा भौतिक पूर्वाधार निर्माणमा जोड दिइएको बताए।

त्यस्तै, आन्तरिक आयतर्फ कर, दस्तुर, शुल्क गरी ६ करोड, १२ लाख ८० हजार, नेपाल सरकारको अनुदानतर्फ ६ करोड १० लाख राजस्व बाँडफाँटतर्फ ६० लाख, सडक बोर्डतर्फ १ करोड, नगर विकास कोषको ऋण ७ करोड ५० लाख, नगर विकास कोषको सहयोगमा सञ्चालित योजनाहरूमा ऋण तथा अनुदान ७५ लाख, सामाजिक सुरक्षा भत्तामा २ करोड ३५ लाख प्राप्त हुने अनुमान गरिएको उनले बताए।

सामाजिक परिचालन कार्यक्रमका लागि ४० लाख, जिल्ला विकास समितिबाट प्राप्त हुने अनुदान १३ लाख र लागत सहभागिताबापत समुदायबाट १२ लाख प्राप्त हुने अनुमानसमेत आगामी वर्षको बजेटमा गरिएको छ। आगामी आर्थिक वर्षमा भौतिक पूर्वाधारतर्फ ५६ करोड, ५७ लाख र सामाजिक विकासमा ४ करोड १३ लाख ६५ हजार बजेट नगरपालिकाले स्वीकृत गरेको छ।

भौतिक पूर्वाधारतर्फ सडक, ढलमा ५५ करोड ४३ लाख, नियमित सरसफाइतर्फ १ करोड ३ लाख ५० हजार, सडक व्यक्ति व्यवस्थापनमा २५ लाख स्वीकृत भएको छ। त्यस्तै, नगरपालिकाले सामाजीक विकासअन्तर्गत महिला, बालबालिका, दलित, जनजाति, अपांग, ज्येष्ठ नागरिक, मुस्लिमजस्ता लक्षित वर्गको विकासका लागि ३३ करोड स्वीकृत गरेको छ।


Government of Nepal
Ministry of Physical Infrastructure & Transport
**Department of Roads**
**Division Road Office, Butwal**

**Tender Amendment Notice-8 (Date:-2072/10/03)**

The following amendments have been made to tender notice no. 26-071/72 published in "The Rajdhani National Daily" on 2072/02/25.

1. The deadlines for purchase, submission and opening of contract no.DROBTL/3371574/071-072/205, DROBTL/3371574/071-072/207, DROBTL/3371574/071-072/208, DROBTL/3371574/071-072/209, DROBTL/3371574/071-072/210 and DROBTL/3371574/071-072/211 has been amended as below:
   (a) Deadline for purchase of bidding documents: 17:00 hrs of 3rd Falgun, 2072
   (b) Deadline for submission of bidding documents: 12:00 hrs. of 4th Falgun, 2072
   (c) Date and time for opening of bidding documents: 13:00 hrs. of 4th Falgun, 2072
2. Matters not covered by above mentioned tender notice and this amendment shall be in accordance with Public Procurement Act 2063 and other prevailing regulations.

**Division Chief**



## क्षेत्रीय बीउ विजन प्रयोगशाला

सुन्दरपुर, कञ्चनपुर

### दरभाउपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७२/१०/०३

यस प्रयोगशालाको आ.व.०७२/७३ को स्वीकृत कार्यक्रम अनुसार प्रयोगशालाको लागि आवश्यक पर्ने सिड ग्रेण्डर मेशिन आपूर्ति दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यावसायी/फर्म/कम्पनीहरुबाट तपसिलको शर्तका अधिनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

| ठेक्का नम्बर | कामको विवरण | कूल ल.ई.रकम रु | आवश्यक धरौटी रकम |
|---|---|---|---|
| ०१/०७२/०७३ | प्रयोगशाला तर्फको सिड ग्रेण्डर मेशिन आपूर्ति | ९,५०,०००/- | २८,५००/- |

१. यो सूचना राजधानी नेपाली राष्ट्रिय दैनिकमा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालय (क्षेत्रीय बीउ विजन प्रयोगशाला सुन्दरपुर, कञ्चनपुर) बाट रु.३००/-(फिर्ता नहुने गरी) नगदै बुझाई आ.व.२०७२/०७३ सम्म मान्य भएको आयकरको स्थायी लेखा नं.(PAN) लिएको, मु.अ.करमा दर्ता भएको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, ठेक्का इजाजत पत्रको प्रमाण प्रतिलिपी संलग्न राखि दरभाउपत्र खरिद गर्न सकिनेछ।
२. दरभाउपत्र साथ रहेको Bill of Quantity को दररेट लेख्नका लागि छुट्याइएको अंक र अक्षर महलमा सफार गरेको दररेट स्पष्टसँग लेखि प्रत्येक पानामा हस्ताक्षर गरी पेश गर्नु पर्नेछ। अंक र अक्षर महलमा लेखिएको दर रेटमा फरक पर्न गएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ साथै कैफियत महलमा उपलब्ध गराउने सामानको क्याटलग समावेस भएको विवरण अनिवार्य पेश गर्नु पर्ने छ।
३. दरभाउपत्र भर्दा केरमेट भएको स्थानमा हस्ताक्षर गरिएको हुनु पर्ने छ।
४. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति देखि ४५ (पैतालिस) दिनको हुनेछ।
५. दरभाउपत्र साथ कबोल गरेको अंकको २ देखि ३ प्रतिशतले हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय कञ्चनपुरको रा.बा. बैंक महेन्द्रनगर शाखा स्थित हि.नं. ४१८०२०३००००००० (कार्यालय कोड नं. ७५-३१२-०८) ख ३ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस प्रयोगशालाका नाममा जारी गरेको कम्तीमा दरभाउपत्र दाखिला गर्ने मिति देखि ७५(पचहत्तर) दिन म्याद भएको विडबण्ड संलग्न हुनु पर्ने छ।
६. म्यादभित्र खरिद गरिएका दरभाउपत्र राजधानी नेपाली राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको मितिले १६ औं दिनको १२:०० बजे भित्र खाम बाहिर ठेक्का नम्बर, फर्मको नाम र ठेगाना लेखि खाममा बाहिर सिलबन्दी गरी यस कार्यालय (क्षेत्रीय बीउ विजन प्रयोगशाला सुन्दरपुर) मा दर्ता गर्नु पर्ने छ।
७. दर्ता भएका दरभाउपत्रहरु १६ औं दिनको २:०० बजे कार्यालय प्रतिनिधी र ठेकेदार प्रतिनिधीको रोहबरमा क्षेत्रीय बीउ विजन प्रयोगशाला सुन्दरपुर, कञ्चनपुरमा खोलिने छ। दरभाउपत्र दाताहरु वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
८. दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन पूर्व निर्धारित भए बमोजिम नै गरिने छ।
९. कुनै कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
१० दरभाउपत्र स्वीकृत भएपछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम बराबरको नगद भौचर वा सो बराबरको कम्तीमा १(एक वर्ष) म्याद भएको वा पछी त्रुटी सच्याउने दायित्वको अवधि भन्दा १(एक) महिना बढी म्याद भएको नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस प्रयोगशालाका नाममा जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गर्नु पर्ने छ।
११. दरभाउपत्र दर्ता गर्ने फर्महरुले आपूर्ति गर्नु पर्ने सिड ग्रेण्डर मेशिन सम्बन्धी राम्ररी बुझी दरभाउपत्र पेश गरेको मानिने छ।
१२. दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा यस कार्यालयको सम्पर्क नम्बर ०९९-६९१६१५ मा सम्पर्क गर्न सकिने छ।
१३. रित नपुगेका, शर्त राखिएका र म्याद नाघि प्राप्त हुन आएका दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन।
१४. यस सूचनामा छुट भएका अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ।

**वरिष्ठ बाली विकास अधिकृत**



*१४औं आहा रारा गोल्डकपको प्रमोसनका लागि सहारा क्लबले शनिबार आयोजना गरेको साइकल र्‍यालीमा सहभागीहरू । साइकल काउन्सिल कास्की र साइकल सिटी पोखराको सहयोगमा सो र्‍याली भएको थियो । १९ जनवरीबाट आहा रारा गोल्डकप पोखरामा हुँदै छ ।*

**तस्बिर : राजधानी**

# राखेप उपाध्यक्ष सम्मानित



**काठमाडौं/रास–** भानुभक्त मेमोरियल उमाविले राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष एवं नेपाल ओलम्पिक कमिटीका महासचिव लामाटेन्डी शेर्पालाई शनिवार सम्मान गरेको छ ।

भानुभक्त मेमोरियल उमाविको स्वर्ण जयन्तीका अवसरमा आफ्नो विद्यालयका पूर्वविद्यार्थी शेर्पालाई सम्मान गरेको हो । विद्यालय सञ्चालक समितिका अध्यक्ष प्रेमबहादुर श्रेष्ठ रञ्जित र प्रधानाध्यापक प्रेमप्रसाद कँडेलले संयुक्त रूपमा शेर्पालाई सम्मान गरे ।

उपाध्यक्ष शेर्पाले २०४५ सालमा भानुभक्त मेमोरियल उमाविबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका थिए । 'आफू अध्ययन गरेको विद्यालयबाट सम्मान ग्रहण गर्न पाउँदा निकै खुसी लागेको छ, यस विद्यालयको विकासका लागि मैले भूमिका खेल्नेछु ।' शेर्पाले सम्मानित भएपछि भने, 'इतिहास बोकेको भानुभक्त मेमोरियल उमावि उदाहरणीय विद्यालयका रूपमा रहेको छ । यसको गौरव बढाउन म क्रियाशिल हुनेछु ।'

भानुभक्त मेमोरियल उमाविको साप्ताहिक खेलकुद मोहत्सवको उद्घाटन कार्यक्रममा शेर्पालाई सम्मान गरिएको हो । खेलकुद महोत्सवअन्तर्गत खुला दौड प्रतियोगितामा निरञ्जन कार्कीले पहिलो स्थान हात पारेका छन् । पवन भट्टराई दोस्रो तथा हिमांशु महर्जन तेस्रो भए । राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष शेर्पा र सागका कीर्तिमानी धावक बैकुण्ठ मानन्धरले संयुक्त रूपमा प्रतियोगिताको उद्घाटन गरेका थिए । सप्ताहव्यापी खेल महोत्सवमा अन्तरविद्यालय बास्केटबल, टेबलटेनिस र कराँते खेल समावेश गरिएको छ ।

# पहिलो अन्तर्राष्ट्रिय गोलकर्ता घलेलाई सम्मान



**काठमाडौं/रास–**राष्ट्रिय फुटबल टोलीबाट नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय गोल गरेका वाई बी घले (यमबहादुर) लाई फ्युचर स्टार हाई स्कुल, जावलाखेलले शनिबार नगदसहित सम्मान गरेको छ । फ्युचर स्टारको वार्षिक खेलकुद दिवसका अवसरमा घलेलाई जावलाखेलमा सम्मान गरिएको हो ।

राष्ट्रिय फुटबल टोलीका पूर्व गोलरक्षक एवं छैटौं दक्षिण एसियाली महासंघीय खेलकुद (अहिले साग) अन्तर्गत फुटबलमा स्वर्ण जित्ने टोलीका सदस्य लोकबहादुर शाही र फ्युचर स्टारकी प्रिन्सिपल मञ्जु कार्की लामिछानेले घलेलाई सम्मान पत्र र नगद १० हजार प्रदान गरी सम्मान गरिन् ।

करिब १० वर्ष राष्ट्रिय फुटबल टोलीमा आबद्ध घलेले १९८२ मा भारतको दिल्लीमा भएको एसियाली खेलकुदको फुटबलमा गरेको गोल नै नेपाली खेलाडीले गरेको पहिलो अन्तर्राष्ट्रिय गोल मानिन्छ । १९८४ मा काठमाडौंमा भएको पहिलो साफको फुटबलमा नेपालले स्वर्ण जित्दा घले पनि टोलीका हिस्सा थिए ।

५८ वर्षीय घलेले विश्व कप, ओलम्पिक छनोटलगायत थुप्रै अन्तर्राष्ट्रिय फुटबलमा नेपालको प्रतिनिधित्व गरिसकेका छन् । घले प्रख्यात 'भिक्टोरिया क्रस' बाट विभूषित गजे घलेका छोरा हुन् ।

## सेमिफाइनलमा नेपाल र माल्दिभ्स भिड्ने

**काठमाडौं/रास–** बंगालदेशमा जारी बंगबन्धु गोल्डकपको सेमिफाइनलमा नेपालले माल्दिभ्सको सामना गर्ने भएको छ । नेपाल समूह 'ए' को उपविजेताका रूपमा शुक्रबार सेमिफाइनलमा प्रवेश गरेको हो । माल्दिभ्स समूह बिको विजेताका रूपमा अन्तिम चारमा प्रवेश गरेको हो । माल्दिभ्सले शनिबार बहराइनको यू-२३ टोलीसँग १-१ को बराबरी खेल्दै समूह विजेता बनेको थियो ।

समूह 'ए' को विजेता आयोजक बंगलादेशले सेमिफाइनलमा समूह बीको उपविजेता बहराइनको यू-२३ सँग खेल्नेछ । बंगलादेश र बहराइनबिच १८ जनवरीमा प्रतिस्पर्धा हुनेछ । नेपालले १९ जनवरीमा माल्दिभ्ससँग खेल्नेछ ।

# बद्रीलाललाई उपाधि

**काठमाडौं/रास–** पायोनियर चेस क्लब, कपनद्वारा आयोजित एकदिने ब्लिट्ज चेस टुनामेन्टको उपाधि पुर्वनेपाल च्याम्पियन बद्रीलाल नेपालीले जितेका छन् । स्वीस लिग ७ चरणमा उनले २ बराबरी र ५ खेल जितेका थिए । उपाधिसँगै उनले नगद ५ हजार हात पारे ।

क्याम्पियन उमावि गहनापोखरीमा सञ्चालित खेलमा समान साढे ५ अंक भए पनि टाइब्रेकरमा काठमाडौं चेस क्लबका विजय डंगोल दोस्रो तथा फिडेमास्टर मनिष हमाल तेस्रो र थापाथली चेस पार्कका आशिष फुयाँल चौथौ भए । उनीहरूले क्रमशः नगद ३ हजार, २ हजार र १ हजार ५ सय प्राप्त गरे ।

त्यस्तै, थापाथलीकै सुमित पन्त, मखनका सुमन लामा, सूर्य बस्नेत, रिजेन्द्र राजभण्डारी, भक्तपुरका विजय जति र जगन्नाथ ताम्राकार क्रमशः उत्कृष्ट पाँचौंदेखि दसौं भए । विजयी तथा सहभागीलाई आयोजक क्लबका अध्यक्ष शंकरराज न्यौपानेले नगद तथा प्रमाणपत्र प्रदान गरे ।

# पशुपतिलाई यू-१६ फुटबल उपाधि

**काठमाडौं/रास–** पशुपतिको 'ए' टिमले प्रथम साइपाल कप अन्तरविद्यालय यू-१६ छात्र सिक्स ए साइड फुटबल प्रतियोगिताको उपाधि शनिबार जितेको छ ।

चाबहिलको गणेशस्थानमा भएको फाइनलमा पशुपतिले काव्य 'ए' लाई २-० गोलले पराजित गर्‍यो । पहिलो हाफ गोलरहित बराबरीमा टुंगिएको थियो । दुवै गोल दोस्रो हाफमा पशुपतिका सौरभ खत्रीले गरे । सौरवले गरेको दुवै गोल उत्कृष्ट थियो । सौरभ नै प्रतियोगिताको उत्कृष्ट खेलाडी पनि चुनिए ।

साइपाल एकेडेमीद्वारा आयोजित प्रतियोगितामा पशुपति 'ए' का विकास राई गोलरक्षक, पशुपति 'ए' कै विक्रमकुमार डिफेन्स तथा काव्य 'ए' का दीपेन्द्र केसी मिडफिल्डमा उत्कृष्ट घोषित भए । अनुशासित टिमको उपाधि आई लेन्स 'बी' ले हात पार्‍यो ।

विजेतालाई साइपालका कार्यकारी निर्देशक गणेश भण्डारी, साइपालका प्रिन्सिपल सुमन नगरकोटी, गंगाहिटी टोल सुधार समितिका अध्यक्ष कृष्णमणि भट्टराईलगायतले एक कार्यक्रमबिच पुरस्कृत गरे ।

सोही अवसरमा साइपालमा प्लस टु अध्ययनका लागि चार खेलाडीलाई पूर्ण छात्रवृत्ति दिने घोषणा गरिएको छ ।


नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग

**डिभिजन कार्यालय, रूपन्देही**

**शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना**

**सूचना नं. ०३/०७२/०७३**
(प्रथम पटक प्रकाशित मिति २०७२/१०/३

यस कार्यालयबाट तपसिलमा उल्लेखित निर्माण कार्यहरु गराउनु पर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

**शर्तहरु :–**

१. बोलपत्र सूचना प्रकाशित भएको मितिले ३० औ दिनभित्र बोलपत्र बापत तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई आ.व. ०७२/७३ सम्म मान्यता हुने ठेक्का इजाजत पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र अघिल्लो आ.व. ०७१/०७२ को कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई कार्यालय समय सम्म लेखा शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
२. यस कार्यालयबाट खरिद गरेको बोलपत्र फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., बोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्वोधन गरी ३१ (एकतिस) दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्र सोही दिनको १:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन ।
३. सिलबन्दी बोलपत्रसाथ हुन आउने तपसिलमा उल्लेखित जमानत बापतको रकम को.ले.नि.का. को नाममा रहेको कृ.वि.बैक भैरहवा स्थित धरौटी खाता नं ०४१४६०१०१४२५२०४७, कार्यालय कोड नं. ३७/३४७/०२ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त वाणिज्य बैकले जारी गरेको कम्तिमा १२० (एक सय बिस) दिन म्याद भएको ***(निर्माण कार्यको विवरण र ठेक्का नम्वर समेत उल्लेख भएको)*** बिडवण्ड संलग्न हुनु पर्नेछ ।
४. बोलपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयवाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत भएको हुनु पर्ने छ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।
५. बोलपत्रको मान्य अवधि ( Bid Validity period) ९० (नब्बे) दिनको हुनेछ ।
६. नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सवै प्रकारका करहरु दर रेटमा समावेश भएको मानीने छ ।
७. बोलपत्रदाताले निर्माण स्थल र निर्माण सामग्रीको उपलब्धता समेत राम्ररी बुझी बोलपत्र भरेको मानिने छ ।
८. बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ ।
९. बोलपत्रको डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।
१०. प्राप्त सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।
११. बोलपत्रमा नियमानुसार लाग्ने मु.अ.कर बाहेकका दर रेट अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।
१२. इच्छुक बोलपत्रदाताले e-Procurement मार्फत www.edudbc.gov.np मा गई थप जानकारी प्राप्त गर्न, बोलपत्र डाउन लोड गर्न र बोलवत्र दाखिला गर्न समेत सक्नेछन् । सो को लागि निम्न बमोजिम राजश्व खातामा बोलपत्र खरिद दस्तुर जम्मा गरि डिपोजिट भौचरको Scanned Copy (PDF format) मा Electronic Bid Files साथै पेश गर्नु पर्नेछ ।
१३. E-Bidding को लागी रकम जम्मा गर्ने बैंकको विवरण : क) बैंकको नाम : कृषि विकास बैंक, भैरहवा ख) कार्यालयको कोड नं. : ३७/३४७/०२ ग) राजश्व खाता नं. : ०४१४६०१०१४२५३०१२ घ) राजश्व शीर्षक नं. : १४२२७
१४. यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई.रकम (मु.अ.कर तथा कन्टेन्जेन्सि बाहेक) रु. | बोलपत्र जमानत रु. | बोलपत्र दस्तुर रु. | किसिम |
|---|---|---|---|---|---|---|
| १ | ०५/०७२/०७३ | नगरपालिकाहरुको आवधिक योजना कार्यान्वयन गर्ने -वडा नं. ३ स्थित दरखसबमा सडक स्तरोन्नती गर्ने । सिद्धार्थनगर-रुपन्देही | २५२८४०९.५५ | ७६०००.०० | १००० | बोलपत्र |
| २ | ०६/०७२/७३ | नगरपालिकाहरुको आवधिक योजना कार्यान्वयन गर्ने- भैरहवा बसपार्क निर्माण, सिद्धार्थनगर-रुपन्देही | ५०५६९५५.०८ | १५२०००.०० | १००० | बोलपत्र |
| ३ | ०७/०७२/७३ | न.पा.नभएका साना शहरहरुको पूर्वाधार विकास- मणिग्राम बजार (आनन्दवन नमुना गा.वि.स.) रुपन्देही | २९४९८५२.५२ | ८९०००.०० | १००० | बोलपत्र |

**डिभिजन प्रमुख**



# आवश्यकता

**लोकप्रिय राष्ट्रिय दैनिक राजधानीका लागि केही कर्मचारी आवश्यक भएकाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।**

**पद : लेखापाल**
संख्या : १ (एक)
योग्यता : बी.बी.एस. उत्तीर्ण ।
अनुभव : लेखा सम्बन्धी २ बर्षको अनभव र Tally चलाउन जान्ने ।
तलब : आपसी समझदारीमा ।

**पद : ग्राफिक्स डिजाईनर**
संख्या : १ (एक)
योग्यता : +2 उत्तीर्ण ।
अनुभव : फोटोसप, इनडिजाईन, फ्रिह्यान्ड चलाउन जान्ने, साथै, नेपाली, अंग्रेजी टाइप गर्न सक्ने हुनु पर्ने छ ।
तलब : आपसी समझदारीमा ।

**पद : बुकिङ्ग अफिसर**
संख्या : १ (एक)
योग्यता : +2 उत्तीर्ण ।
अनुभव : अफिस प्याकेज चलाउन जान्ने र बिज्ञापन सम्बन्धी अनुभव भएको हुनु पर्ने छ । *(मिडिया मार्केटिङमा अनुभव भएकालाई प्राथमिकता दिईने छ ।)*
तलब : आपसी समझदारीमा

**पद : सवारी चालक (रात्रीकालीन)**
संख्या : १ (एक)
अनुभव : कम्तीमा ३ बर्ष हुनुपर्ने छ ।
तलब : आपसी समझदारीमा ।

**राजधानी न्यूज पब्लिकेशन प्रा.लि**
कुपण्डोल, ललितपुर, फोन नं. : ५५४६३००
Email : mail@rajdhani.com.np


**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आषिश शेरचन**, सम्पादक : **राजन शर्मा**